# अध्याय : एक

# परिचय

## १.१ पृष्ठभूमि

भाषा विचार विनिमयको एक सशक्त माध्यम हो । "भाषा" संस्कृतको "भाष्" धातुबाट निर्मित शब्द हो । यसको शाब्दिक अर्थ बोल्नु वा भन्नु हो । तर भाषाको वैज्ञानिक परिभाषामा भने मानवीय उच्चारण अवयवमार्फत उच्चरित यादृच्छिक ध्वनि प्रतीकहरुको व्यवस्थालाई भाषा भनिन्छ । कतिपय अवस्थामा स्पर्श तथा सङ्केतद्वारा पनि विचार विनिमय हुने गर्दछ । तर आवाज त्यसमा पनि मानवीय उच्चारण अवयवद्वारा उच्चरित सार्थक ध्वनि प्रतीकलाई मात्र भाषा विज्ञानले भाषाको दायरामा राखेको पाइन्छ । खास गरी स्वर र ब्यञ्जनजस्ता ध्वनिहरु स्पष्ट छुट्याउन सकिने गरी मानिसका उच्चारण अवयवद्वारा उच्चरित आवाजलाई मात्र भाषा भनिन्छ (न्यौपाने र अन्य, २०६७:१) ।

भाषा मानवीय सम्पत्ति हो । भाषाबिनाको मानवसमाजको कल्पना पनि गर्न सकिँदैन । समाज र सभ्यताजस्ता कुराहरु भाषासँग घनिष्टरुपमा सम्बद्ध छन् । भाषा विचार र विनिमयका लागि प्रयोग गरिने सशक्त प्रतीकात्मक सङ्केत भएकाले यसका माध्यमबाट मानिसले आफूलाई भूत, वर्तमान र भविष्यसँग संयोजित गर्न सक्छ । भाषा नियमबाट बनेको हुनाले यो व्यवस्थित हुन्छ । भाषाका चारवटा स्वरुपहरु सुनाइ, बोलाइ, लेखाइ र पढाइमा सबैको सही प्रयोगबाट मात्र मानिसले पूर्णरुपमा भाषाको प्रयोग गर्न सक्दछ । बोल्दाभन्दा केही हदसम्म औपचारिक भाषाको प्रयोग हुने भएतापनि लेख्दा भने औपचारिक र स्तरीय रुपको प्रयोग गर्ने प्रचलन बढी छ ।

भाषालाई संसारको एक प्रमुख माध्यम पनि भनिन्छ । भाषाले व्यवस्थित र व्यावहारिक रुपमा सञ्चार प्रक्रियालाई डोहोऱ्याएको हुन्छ । सञ्चारका साधनहरुले भाषालाई नै माध्यम बनाएर आम जनतामाझ सत्य सूचना तथा जानकारीहरु सम्प्रेषण गर्न सक्तछन् । विभिन्न विद्वानहरुले सञ्चार प्रक्रियाको अभिन्न अङ्गका रुपमा भाषालाई उभ्याएको पाइन्छ । भाषा सामाजिक व्यवहारको मूर्तरुप भएकाले यो समाजअनुसार नै अगाडि बढेको हुन्छ । हरेक भाषाका पुराना पिढीँले नयाँ पुस्तालाई भाषा सुम्पँदै जान्छन् । भाषा समाजको साझा सम्पत्ति हो (ढकाल २०६६:५) ।

यसरी भाषा समग्रमा मानवीय सन्दर्भसँग सम्बद्ध वस्तु भएकाले यसले मानवीय व्यवहारका विविध क्षेत्रसँग सम्बन्धित सबै विषयहरु समेटेको हुन्छ । त्यसैले मानवीय व्यवहारका विविध क्षेत्रसँग सम्बद्ध विषयहरुका कोणबाट भाषालाई हेर्ने र परिभाषित गर्ने गरिएको पाइन्छ ।

मानवीय भाव अभिव्यक्तिका लागि प्रयोग गरिने आवाज वा बोली भाषा हो । भाषा मानव मात्रले प्रयोग गर्ने विचार विनिमयको त्यस्तो साधन हो जो प्रयोग सापेक्ष हुन्छ । भाषाका कथ्य र लेख्य गरी दुई रूप हुन्छन् । लेख्य रूप व्याकरणिक नियमानुसार स्तरीय र मानक हुनुपर्दछ ।

सञ्चारलाई सामान्य अर्थमा दुई वा दुईभन्दा वढी व्यक्तिहरुका बीच सूचना, विचार, अनुभव, भावना आदिको विनिमय हुनेको एकअर्कामा आपसी समझदारी कायम गर्ने प्रक्रिया भन्ने बुझिन्छ । व्यापक अर्थमा सञ्चार भन्नाले पृथ्वीको एक कुनामा भए गरेका घटना वा विषयवस्तुबारे जानकारी वा सूचना अर्को कुनाका मानिसलाई पुऱ्याउने प्रक्रियालाई जनाउँछ । सञ्चार भनेको व्यक्तिले आफ्ना विचार, भावना, धारणा वा सूचनालाई व्यवस्थित रुपले लिखित वा मौखिक रुपमा अर्को व्यक्ति वा समुदायसम्म पुऱ्याउने सम्पूर्ण प्रक्रिया हो । यसरी सञ्चार विभिन्न प्रतीकको साझा व्यवस्थाद्वारा व्यक्तिव्यक्तिका बीच सम्पन्न गरिने अर्थ वा भावको आदानप्रदान हो (पौड्याल, २०६८:३) ।

सञ्चारअन्तर्गत व्यापक क्रियाकलापहरु समेटिएका छन् । जस्तै इसारा, रेखाचित्र, ध्वनि, हाउभाउ, भाषा, लीपि, पत्रकारिता, पुस्तक, पम्प्लेट, रेडियो, टेलिभिजन, सिनेमा, डकुमेन्ट्री, वृत्तचित्र, टेलिफोन, इमेल इत्यादि सञ्चारका माध्यम हुन् । यिनै सञ्चारका माध्यमबाट व्यक्तिले आफ्ना भाव वा विचारहरुलाई प्रकाश पार्दछ जसका सहायताबाट अर्काको भाव वा विचार बुझ्न सकिन्छ । प्राचीन कालमा रेखाचित्र पनि सञ्चारका स्रोत हुन् भने वर्तमान कालका इमेल वा नेटवर्क पनि सञ्चारका माध्यम हुन् । यसरी सञ्चारका व्यापक क्षेत्र ओगटेको देखिन्छ (पौड्याल २०६८:३) ।

सञ्चार अङ्ग्रेजी भाषा “कम्युनिकेसन” (Communication) को नेपाली रुपान्तरण हो । यो ल्याटिन भाषाको “कम्युनिस” बाट बनेको हो । जसको अर्थ “समान”, “साझा” वा “बाँड्नु” हो । यसबाट सञ्चार भन्नाले एकअर्का बीच सूचना विचार, धारणा

साटासाट गर्ने वा साझेदारी कायम गर्ने प्रक्रिया भन्ने बुझिन्छ । छोटकरीमा सञ्चार भनेको सूचनाको हस्तान्तरण हो (खनाल २०६४:१) ।

प्राचीन कालमा अहिलेको जस्तो विकसित सञ्चारका साधनहरु थिएनन् । त्यस समयमा कट्वाल भट्याएर, दमाहा बजाएर कुनै सार्वजनिक महत्वको सूचना सुनाइन्थ्यो अथवा कुनै लेखोट वा सार्वजनिक ठाउँमा राखेर जनमाध्यमको काम चलाइन्थ्यो । आधुनिक समयमा विकसित भएका उच्च प्रविधिको विकासले ती माध्यमलाई प्रायः विदा गरिसकेका छन् । आधुनिक युगमा प्रेस, पत्रकारिता, रेडियो, टेलिभिजन, सिनेमा, केवल प्रसारण, वृत्तचित्र, माइकजस्ता कुरालाई जनमाध्यमका रुपमा लिइन्छ ।

सञ्चारका माध्यममा मुख्यरुपमा विद्युतीय र छापा माध्यम हुन् । रेडियो, टेलिभिजन विद्युतीय माध्यम हुन भने पत्र पत्रिका, पम्प्लेट, व्यानर आदि छापा माध्यम हुन् । सामान्यतया पत्रपत्रिका भन्नाले नबाधिएको वा स्टिज नगरिएको निश्चित समय र मितिमा प्रकाशित हुने मुद्रित सामाग्री भन्ने बुझिन्छ (खनाल २०६४:३६) ।

पत्रपत्रिका दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा प्रकाशित हुने गर्दछन् । दैनिक रुपमा निश्चित समय र स्थानबाट प्रकाशित हुने पत्रपत्रिका नै दैनिक पत्रिका हो । यसले दैनिक रुपमा ताजा घटना, विचारहरु सम्प्रेषित गरी जनतालाई सुसुचित गर्ने गर्दछन् ।

यसै सन्दर्भमा पत्रिकालाई विचार, खबर आदानप्रदान गर्ने छापा माध्यम हो भन्न सकिन्छ । आजको विद्युतीय माध्यमको युगमा पनि आमसञ्चारको सशक्त माध्यमका रूपमा पत्रिकाले विशेष स्थान लिएको छ । सामान्यतया पत्रिका भन्नाले नबाँधिएको वा स्टिच नगरिएको निश्चित समय र मितिमा प्रकाशित हुने मुद्रित सामग्री भन्ने बुझिन्छ । यो नियमित रूपमा दैनिक, साप्ताहिक, पाक्षिक, मासिक रूपमा जनतालाई सुसूचित गर्नका लागि प्रकाशित हुन्छ (खनाल, २०६४ : ३६) ।

सम्पादकीयलाई समाचारपत्रको प्रमुख अङ्ग मानिन्छ । सम्पादकीय पत्रिकाको आफ्नो विचार र दृष्टिकोण राख्ने थलो हो । सम्पादकीयमा सरलता, स्पष्टता, वस्तुनिष्ठता, निष्पक्षता, समसामयिकता एवम् सङ्क्षिप्तता हुनु जरूरी हुन्छ । यसै सन्दर्भमा यस

अध्ययनमा नेपाली साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त नेपाली भाषालाई समस्याका रूपमा लिई अध्ययन गरिएको छ (काफ्ले, २०६८ : ६) ।

सम्पादकीय भनेको पत्रपत्रिकाद्वारा महत्त्वपूर्ण विषयउपर जोड दिएर लेखिएको खास प्रकारको लेख हो । समाचार संस्था विशेष गरी समाचार पत्रले नियमितरूपमा प्रस्तुत गर्ने औपचारिक भनाइ वा लेखाइलाई सम्पादकीय भनिन्छ । यसले कुनै विषयमा समाचार भन्ने होइन कि विचार व्यक्त गर्ने गर्दछ । सम्पादकीय पत्रिकाको स्थायी स्तम्भ हो । यसमा सार्वजनिक महत्त्व वा चासोका विषयमा विश्लेषणात्मक टिप्पणी गरिएको हुन्छ । (खत्री, २०७१)

पत्रिकाले जनचासोको विषयसँग सम्बन्धित रहेर खबरहरू प्रवाह गर्नुपर्दछ । यसले विद्वत वर्गसँग मात्र नभई सामान्य साक्षरहरूले पनि पढ्न र बुझ्न सक्ने भाषाको प्रयोग गर्नुपर्दछ । सरल संरचनाका वाक्य, दुर्बोध्य शब्द नभई चलन चल्तीमा रहेको सरल शब्दहरू प्रयोग गरी भाषाको मानकीकृत रूप प्रयोग गरी खबरहरू प्रवाह गर्नुपर्दछ ।

## १.२ समस्याकथन

प्रस्तुत अध्ययन नेपाली साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको निम्न समस्यामा केन्द्रित रहेको छ :

क) नेपाली साप्ताहिक पत्रिकाका सम्पादकीय कस्ता विषयवस्तु, ढाँचा, शैली र शीर्षकमा संरचित भएका छन् ?

ख) सम्पादकीयको भाषामा वाक्यहरूको प्रयोग स्थिति कस्तो रहेको छ ?

ग) नेपाली साप्ताहिकको सम्पादकीयमा प्रयुक्त नेपाली उखानको अवस्था के कस्तो रहेको छ ?

## १.३ अध्ययनको औचित्य र महत्त्व

जुनसुकै विषय वा क्षेत्रमा गरिने अध्ययन अनुसन्धानले कुनै खास विशेष महत्त्व राख्दछ । औचित्यहीन कार्यबाट कुनै खास उपलब्धि प्राप्त हुन सक्दैन । प्रस्तुत अध्ययन

पत्रिकामा प्रयुक्त हुने नेपाली भाषाको स्तरीय र मानक रूप प्रयोग गर्ने सम्पादक मण्डल, पत्रकारहरूलाई उपयोगी हुनेछ । यसका साथै नेपाली भाषा सम्वद्ध शिक्षक, विद्यार्थी, अनुसन्धानकर्ता, नेपाली भाषाप्रेमी सबैका लागि औचित्यपूर्ण र महत्त्वपूर्ण रहेको छ । साथै सरकारी तथा गैरसरकारी क्षेत्रबाट नेपाली भाषामा प्रकाशित हुने पत्रपत्रिकाको भाषिक शुद्धता तथा स्तरियता कायम गर्न पनि यस अनुसन्धानले सहयोग पुऱ्याउने देखिन्छ । **नेपाली साप्ताहिक पत्रिकामा प्रयुक्त सम्पादकीयको भाषिक अध्ययन**शीर्षकमा आजसम्म अनुसन्धान नभएको हुँदा यो अनुसन्धान मौलिक रहेको छ । त्यसैले पनि यो औचित्यपूर्ण छ ।

### १.४ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) नेपाली साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त विषय, ढाँचा, शैली र शीर्षकको मूल्याङ्कन गर्नु,

ख) सम्पादकीयमा प्रस्तुत वाक्यहरूको विश्लेषण गर्नु,

ग) सम्पादकीयमा प्रयुक्त नेपाली उखानको पहिचान गर्नु ।

### १.५ अध्ययनको परिसीमा

प्रस्तुत अध्ययनको परिसीमा निम्नानुसार रहेको छ :

क) प्रस्तुत अध्ययन सुनसरीको महेन्द्रनगरबाट नेपाली भाषामा प्रकाशित हुने 'कोसी सम्मान' र इटहरीबाट प्रकाशित हुने 'खबर प्रवाह' साप्ताहिकको भाषिक अध्ययनसँग सम्बन्धित रहेको छ ।

ख) यस अध्ययनमा कोसी सम्मान र खबर प्रवाह साप्ताहिकको २०७२ भदौ ११ देखि २०७२ असोज ८ गते सम्मका ४/४ वटा सम्पादकीयलाई मात्र नमुनाको रूपमा लिइएको छ ।

ग) यस अध्ययनमा निम्न पक्षसँग मात्र सम्बन्धित रहेर अध्ययन गरिएको छ :

- सम्पादकीयको संरचना, विषयवस्तु, शैली र शीर्षक,
- भाषाका आधारमा काल, पक्ष र करण अकरणको अध्ययन,
- स्रोतका आधारमा नेपाली उखानटुक्काको अध्ययन ।

### १.६ पारिभाषिक शब्द

यस अनुसन्धानमा प्रयोग गरिएका शब्दहरूको अर्थ निम्नानुसार रहेको छ :

| | | |
|---|---|---|
| नवआगन्तुक | : | नवआगन्तुक शब्द भन्नाले नेपाली भाषाको शब्द प्रयोगको सट्टामा अङ्ग्रेजी भाषाका शब्द प्रयोग गरिएको भनी बुभ्नुपर्दछ । |
| अन्य विषयक्षेत्र | : | अन्य विषयक्षेत्र भन्नाले सामाजिक, आर्थिक, शैक्षिक, व्यापारिक र प्रशासनिक क्षेत्रलाई बुभ्नुपर्दछ । |
| व्याकरणिक एकाइ | : | व्याकरणिक एकाइ भन्नाले काल, पक्ष, करण, अकरण भनी बुभ्नुपर्दछ । |
| नेपाली साप्ताहिक | : | नेपाली साप्ताहिक भन्नाले कोसी सम्मान साप्ताहिक र खबर प्रवाह साप्ताहिक भनी बुभ्नुपर्दछ । |

# अध्याय : दुई

# पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

## २.१ पूर्वकार्यको समीक्षा

समाचार पत्रमा प्रयुक्त नेपाली भाषामा अत्यन्त थोरै अनुसन्धान भएका छन् । समाचार पत्रमा त्रिभुवन विश्वविद्यालयमा र यसका आंगिक क्याम्पसहरूबाट भाषाको प्रयोग सम्बन्धी अध्ययनहरू पनि समाचार, निमन्त्रणा पत्र र सम्पादकीय जस्ता स्तम्भमा प्रयोग भाषासँग सम्बन्धित छन् । विशेष गरेर केन्द्रीय स्तरबाट प्रकाशित पत्रपत्रिकामा केन्द्रित भएर अनुसन्धान भएको देखिन्छ । स्थानीय स्तरका पत्रपत्रिकामा कमै मात्र अनुसन्धान भएको पाइन्छ । विगतमा गरिएका अध्ययन अनुसन्धानले वर्तमान र भविष्यका दिनमा अनुसन्धान गर्न सहयोग पुऱ्याउने भएकाले समाचारपत्रमा भाषाको प्रयोग सम्बन्धी गरिएका केही अध्ययनहरूलाई यस अध्ययनका लागि आधार बनाइएको छ ।

धिताल (२०६८) ले त्रिभुवन विश्वविद्यालय शिक्षा विभाग कीर्तिपुरबाट *नेपाली दैनिक समाचार पत्रमा प्रयुक्त पारिभाषिक शब्दावलीको अध्ययन* शीर्षकमा शोधकार्य सम्पन्न गरेका छन् । यस शोधकार्यमा दैनिक नेपाली समाचार पत्रमा प्रयोग हुने शब्दहरूको स्रोत, पारिभाषिक शब्दहरू, व्युत्पति र विभिन्न विषय क्षेत्रसँग सम्बन्धित पारिभाषिक शब्दहरूको अध्ययनलाई समस्याको रूपमा देखाइएको छ । यस शोधकार्यको उद्देश्य दैनिक समाचार पत्रमा प्रयुक्त पारिभाषिक शब्दहरूको सङ्कलन गर्नु, सङ्कलित शब्दहरूको अर्थ तथा परिभाषा प्रस्तुत गर्नु रहेको पाइन्छ । उक्त शोधकार्य पुस्तकालयीय विधि, समस्या खोज विधि, तुलनात्मक र व्याख्यात्मक विधिमा रही गरिएको छ । यस शोधकार्यमा निम्न लिखित निष्कर्ष प्रस्तुत गरिएका छन् : दैनिक समाचार पत्रमा प्रशस्त मात्रामा परिभाषिक शब्दहरू प्रयोग भएको, यस्ता शब्दावलीहरू कुनै शीर्षकमा त कतै अनुच्छेद तथा सङ्कथनभित्र प्रस्तुत भएका दैनिक समाचार पत्रमा प्रयुक्त पारिभाषिक शब्दवलीहरूमा राजनीति, पर्यटन, सामाजिक तथा साँस्कृतिक कानुन, अर्थ आदिजस्ता विषयक्षेत्रसँग सम्बन्धित पाइएको तथा शब्दावलीहरूमा समेत पुनरावृति देखिएको, अक्षर संरचनाका हिसाबले एक-अक्षरी, दुई-अक्षरी, पारिभाषिक शब्दावलीहरूको प्रयोग बढी देखिएको तथा तत्सम् र आगन्तुक

पारिभाषिक शब्दावलीहरू बढी प्रयोग गरिएको कुरा शोधमा पाइन्छ । सुझावका रूपमा पत्रकार वर्ग सचेत रहनुपर्ने,जनप्रचलित शब्दहरूको प्रयोगमा जोड दिनुपर्ने, सही सूचना र स्पष्ट भाषिक प्रस्तुतीमा ध्यान दिनुपर्ने, शुद्ध-अशुद्धमा सम्बन्धित पक्षले ध्यान दिनुपर्ने सुझाव दिएका छन् ।

अर्याल (२०६७) ले त्रिवि शिक्षा शास्त्र सङ्काय नेपाली शिक्षा विभाग, कीर्तिपुरबाट *नेपाल समाचार पत्र दैनिकको समाचार खण्डमा प्रयुक्त भाषाको अध्ययन* शीर्षकमा शोधकार्य सम्पन्न गरेकी छिन् । यस शोधकार्यमा समाचारहरूको भाषाको स्वरूप के कस्तो छ ? समाचारको भाषामा के कस्ता त्रुटिहरू छन् ? आदिलाई समस्याको रूपमा लिई अध्ययन विश्लेषण गरिएको छ । यस शोधकार्यका उद्देश्यका रूपमा समाचारको भाषाको स्वरूप पहिल्याउनु, समाचारमा प्रयुक्त भाषाको पहिचान गर्नु, समाचारको भाषामा हुने त्रुटिहरूको पहिचान गर्नु रहेको छ । उनले तथ्याङ्क सङ्कलन, सामग्री विश्लेषण तथा पुस्तकालयीय विधिलाई अध्ययन विधिका रूपमा लिएकी छन् । अध्ययनका निष्कर्षका रूपमा समाचारमा अपवाद र एक आपसमा बाझ्ने अर्थ प्रयोग भएको, तत्सम् र अङ्ग्रेजी शब्दको बाहुल्यता भएको, वर्णविन्यासका सामान्य त्रुटिसमेत पाइएको, नेपाली आधारभूत भाषिक नियम र नेपाली शब्दकोशलाई नै घातक बनाएको कुरा उल्लेख छ । सुझावका रूपमा सहज शब्द र वाक्यको प्रयोगमा जोड दिनुपर्ने, झर्रो वा मौलिक शब्द प्रयोग गर्नुपर्ने, संस्कृत मोह त्याग्नुपर्ने कुरा उल्लेख गरेकी छिन् ।

काफ्ले (२०६८) ले त्रिभुवन विश्वविद्यालय नेपाली शिक्षा विभाग, *कीर्तिपुरबाट राजधानी अन्तर्राष्ट्रिय साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त नेपाली भाषाको अध्ययन* शीर्षकमा शोधकार्य सम्पन्न गरेका छन् । यस शोधकार्यमा सम्पादकीयको संरचना, विषयवस्तु, शैली र शीर्षक के कस्ता रहेका छन् ? वाक्यहरूको प्रयोग स्थिति के कस्तो रहेको छ ? आदिलाई समस्याको रूपमा लिई अध्ययन विश्लेषण गरिएको पाइन्छ । यस शोधकार्यको उद्देश्य राजधानी अन्तर्राष्ट्रिय साप्ताहिकको सम्पादकीयको संरचना, विषयवस्तु, शैली र शीर्षकको अध्ययन गर्नु, सम्पादकीयमा प्रयुक्त वाक्यहरूको विश्लेषण गर्नु, सम्पादकीयमा प्रयुक्त शब्द भण्डार र नेपाली उखानको पहिचान गर्नु रहेको छ । यस अध्ययनमा पुस्तकालयीय विधि, तुलनात्मक विधि, व्याख्यात्मक विधि, सामग्री सङ्कलन विधिलाई अध्ययन विधिका रूपमा लिइएको छ । यस अध्ययनबाट निष्कर्षका रूपमा दुईदेखि

चार शब्दसम्मका शीर्षकहरू संरचित भएका, विषयवस्तुको आधारमा बढी राजनीतिक विषयमा र सबैभन्दा कम जानकारी दिने विषयवस्तुमा लेखिएको, सामान्य, अपूर्ण र पूर्ण पक्षको प्रयोग भएको, अभ्यस्त र अज्ञात पक्षको प्रयोग शून्य देखिएको, नेपाली उखानको प्रयोग शून्य देखिएको कुरा शोधमा उल्लेख छ । सुझावका रूपमा छोटो वाक्यको प्रयोग गर्नुपर्ने, सरल नेपाली भाषिक प्रयोगमा जोड दिनुपर्ने कुरा शोधमा पाइन्छ ।

पराजुली (२०६६) ले त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभागअन्तर्गत जनता बहुमुखी क्याम्पसबाट *धरानबाट प्रकाशित दैनिक पत्रिकाहरूमा पाइएका वर्णविन्याससम्बन्धी त्रुटिहरूको अध्ययन* शीर्षकको शोधकार्य तयार पारेका छन् । यस शोधकार्यमा नेपाली भाषाको स्थानीय दैनिक पत्रिकाहरूमा प्रयुक्त नेपाली भाषाको ह्रस्वदीर्घ सम्बन्धी के कस्ता त्रुटिहरू छन् ? चन्दविन्दु, शिरविन्दु, हलन्त/अजन्त चिह्नमा के कस्ता त्रुटिहरू छन् आदि समस्याको अध्ययन विश्लेषणमा केन्द्रित छ । नेपाली भाषाको स्थानीय दैनिक पत्रिकाहरूमा प्रयुक्त नेपाली भाषाको ह्रस्वदीर्घ सम्बन्धी समस्या पत्ता लगाई विश्लेषण गर्नु, चन्द्रविन्दु, शिरविन्दु, हलन्त/अजन्त चिह्नको समस्या पत्ता लगाउनु रहेको छ । यस अध्ययनमा पुस्तकालयीय विधि, समस्या खोज विधि प्रयोग गरी अध्ययन विश्लेषण गरिएको पाइन्छ । यस अध्ययनबाट ह्रस्वदीर्घसम्बन्धी त्रुटिको तुलनामा हलन्त र अजन्तसम्बन्धी त्रुटि कम मात्रामा भएको पाइएको, 'श', 'ष' र 'स' मा सबै दैनिकले त्रुटि गरेका, वर्णविन्यासहरूको प्रयोगमा पृथकता प्रशस्त पाइएको र सङ्ख्यावाचक तथा अन्य वर्णले लेखनमा पनि विविधता पाइएको निष्कर्ष प्रस्तुत गरिएको छ । सुझावका रूपमा नेपाली भाषाप्रति रहेको उपेक्षाभाव हटाउनुपर्ने र मानकस्तरमै व्याकरण र शब्दकोशमा पाइने सुविधामूलक वर्णविन्यासका नियमलाई अन्त्य गरी मानक वर्णविन्यास निर्धारण गर्नुपर्ने कुराको उल्लेख गरिएको पाइन्छ ।

ढुङ्गाना (२०६४) ले *नेपाली दैनिक पत्रिकामा प्रयुक्त भाषाको अध्ययन* शीर्षकमा शोधकार्य गरेका छन् । प्रस्तुत अध्ययन नेपाली दैनिक समाचार पत्रमा के कस्ता भाषिक त्रुटिहरू हुन्छन् ? नेपाली दैनिक समाचार प्रस्तुतिको शैली के कस्तो रहेको छ ? समस्यामा केन्द्रित रहेर गरिएको छ । यस अध्ययनका उद्देश्यहरू नेपाली दैनिक समाचार पत्रमा प्रस्तुत भाषाको स्वरूप पहिल्याउनु, भाषिक त्रुटिको पहिचान गर्नु, समाचार प्रस्तुतिको तुलनात्मक अध्ययन गर्नु रहेका छन् । यस अध्ययनमा पुस्तकालयीय विधिलाई केन्द्रविन्दु बनाइएको छ

भने वर्णनात्मक, तुलनात्मक तथा विश्लेषणात्मक विधिको पनि प्रयोग गरिएको छ । यस अध्ययनको निष्कर्षमा दैनिक समाचार पत्रमा शब्दसम्बन्धी त्रुटिहरू बढी हुने गरेका, बढीमात्रामा ह्रस्वसम्बन्धी त्रुटिहरू पाइएका, गोरखापत्रमा दीर्घसम्बन्धी त्रुटिहरू बढी हुने गरेको र हलन्त र अजन्तसम्बन्धी त्रुटिहरू कम गर्नका लागि आवश्यक सुझावहरू पनि प्रस्तुत गरिएको छ ।

खनाल (२०६४) द्वारा *'आमसञ्चार र पत्रकारिता'* नामक पुस्तकमा सम्पादकीयको छोटो विकासक्रम प्रस्तुत गरिएको छ । सम्पादकीयको काम भनेको पाठकलाई अभिप्रेरित गर्ने, भ्रष्टचार सामाजिक विसङ्गति एवम् अनियमितता हटाउन सहयोग गर्न सचेत गराउने, पाठकलाई सचेत गराउने, सुझाव सल्लाह दिने, नैतिकवान एवम् कर्तव्यबोध गराउने, विविध मतलाई प्रतिनिधित्व गराउने, मनोरञ्जन प्रदान गर्ने, जनमत निर्माण गर्नेजस्ता कुराहरूको चर्चा गरिएको छ । सम्पादकीय लेख्दा विषयवस्तु वा घटनाबाट तथ्य र पर्याप्त जानकारी हुनुपर्ने, विषयवस्तु छनोट गर्दा त्यसको महत्त्व र त्यसले पार्ने प्रभावलाई ध्यान दिनुपर्ने, शिष्ट भाषामा सौम्य आलोचना गर्नुपर्ने, बिनाप्रमाण हचुवाका भरमा लेख्न नहुने जस्ता कुरा उल्लेख गरिएको पाइन्छ ।

यसरी समाचारपत्रमा भाषाको प्रयोगसम्बन्धी केही अनुसन्धानहरू भएको पाइन्छ । यी अध्ययन अनुसन्धानहरूमा पनि सम्पादकीयमा प्रयोग भएको भाषाको विभिन्न पक्षलाई लिएर अध्ययन विश्लेषण गरिएको छ । 'नेपाली साप्ताहिक पत्रिकामा प्रयुक्त सम्पादकीयको भाषिक अध्ययन' नामक यस अध्ययनमा पनि सम्पादकीयमा प्रयोग गरिएको भाषाका विविध पक्षमा केन्द्रित रहेर अध्ययन अनुसन्धान गरिएको छ ।

## २.२ पूर्वकार्यको उपयोगिता र कार्यान्वयन

पूर्व लिखित शोध अनुसन्धानबाट थप नयाँ ज्ञानका रूपमा सम्पादकीयका शब्द भण्डार, वाक्य, वाच्य, काल, पक्ष र प्रयुक्त भाषाको विश्लेषणमा सघाउ पुऱ्याउने गर्दछ । पूर्वकार्यको समीक्षा गर्दा समेत केही महत्त्वपूर्ण शोधपत्रहरूलाई आधार बनाइएको छ र ती शोधहरूबाट साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन विश्लेषण गर्न मदत मिल्ने देखिन्छ । पूर्व लिखित शोध अनुसन्धानहरूमा महत्त्वपूर्ण सुझावहरू गरिए तापनि कार्यान्वयन पक्ष कमजोर देखिन्छ किनभने ती महत्त्वपूर्ण सुझावहरूलाई आत्मसात

गर्दै, पत्रपत्रिका सम्पादन गरिएका छैनन् । त्यसकारण पनि विभिन्न सम्पादकहरूद्वारा लेखिएका सम्पादकीयका विभिन्न भाषागत प्रयुक्तिमा कमीकमजोरी रहेको पाइन्छ । पूर्वकार्यहरूबाट साप्ताहिक पत्रिकाको सम्पादकीयमा पाइने वर्णविन्याससम्बन्धी त्रुटि, सम्पादकीयमा प्रयोग भएका भाषाको अध्ययन, उखान टुक्काहरूको प्रयोग, शब्द स्रोत जस्ता कुराहरूबारे सामान्य जानकारी पाउन सकिन्छ । काफ्ले (२०६८) को राजधानी अन्तर्राष्ट्रिय साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त नेपाली भाषाको अध्ययन शीर्षकमा आबद्ध शोध पत्रले भने महत्त्वपूर्ण सहयोग पुर्‍याउने देखिन्छ । स्थानीय स्तरबाट प्रकाशित पत्रिकाहरूमा प्रयुक्त नेपाली भाषाको अध्ययन नभएको हुँदा यो शोधाकार्य अरूभन्दा भिन्न रहेको छ । नेपाली साप्ताहिक पत्रिकामा प्रयुक्त सम्पादकीयको भाषिक अध्ययन शीर्षकको शोधकार्यले स्तरीय र मानक नेपाली भाषा प्रयोग गर्न कार्यान्वयन पक्ष र नीति निर्माण तहमा महत्त्वपूर्ण आधारहरू प्रस्तुत गरेको छ ।

## २.३ सैद्धान्तिक संरचना

यो अनुसन्धानका लागि बालकृष्ण पोखेल र अन्यद्वारा सम्पादित नेपाली बृहत शब्दकोश, डा हेमाङ्गराज अधिकारीद्वारा लेखिएको समसामयिक नेपाली व्याकरण, यादवप्रकाश लामिछाने र अन्यद्वारा लेखिएको भाषिक अनुसन्धान विधि, टङ्कप्रसाद न्यौपाने र अन्यद्वारा लेखिएको सामान्य भाषाविज्ञान जस्ता पुस्तकहरूलाई सैद्धान्तिक आधार मानी केन्द्रित रहेर यो अनुसन्धान कार्य गरिएको छ ।

उमा अर्यालको नेपाल समाचारपत्र दैनिकको समाचार खण्डमा प्रयुक्त भाषाको अध्ययन (२०६७), भोजराज धितालको नेपाली दैनिक समाचारपत्रमा प्रयुक्त पारिभाषिक शब्दावलीको अध्ययन (२०६८), मनोज काफ्लेको राजधानी अन्तर्राष्ट्रिय साप्ताहिकको सम्पादकीयमा प्रयुक्त नेपाली भाषाको अध्ययन (२०६८), सुरेन्द्र पराजुलीको धरानबाट प्रकाशित दैनिक पत्रिकाहरूमा पाइएका वर्णविन्याससम्बन्धी त्रुटिहरूको अध्ययन (२०६६), गंगा ढुङ्गानाको नेपाली दैनिक पत्रिकामा प्रयुक्त भाषाको अध्ययन (२०६६), जस्ता अप्रकाशित शोधपत्रहरुलाई पूर्वकार्य मानेर यो अनुसन्धान कार्य गरिएको छ ।

# अध्याय : तीन

## अध्ययनको प्रक्रिया/विधि

### ३.१ अध्ययनको संरचना

यस अनुसन्धानलाई योजनाबद्ध र व्यवस्थित बनाउन पुस्तकालयीय छनोट विधिलाई केन्द्र बनाइएको छ । पुस्तकालयमा गई खोज अनुसन्धान र अध्ययन गर्ने विधिलाई पुस्तकालयीय विधि भनिन्छ । यस विधिमा पुस्तकालयमा उपलब्ध भएका पत्रपत्रिका तथा अन्य पाठ्यसामग्रीहरू अध्ययन गरी निष्कर्ष निकाल्ने गरिन्छ । कोसी सम्मान र खबर प्रवाह साप्ताहिक पत्रिकाका चार/चार वटा सम्पादकीयलाई नमुनाका रूपमा छनोट गरी आवश्यक तथ्याङ्क सङ्कलन, दण्डरेखा र व्याख्या विश्लेषणमा केन्द्रित भई अध्ययन संरचनालाई केन्द्रित गरिएको छ ।

### ३.२ जनसङ्ख्या र नमुना छनोट

यस अनुसन्धानमा अध्ययनको लागि नमुना छनोट विधि अन्तर्गत निर्णयात्मक नमुना छनोटका आधारमा कोसी सम्मान र खबर प्रवाह साप्ताहिकलाई जनसङ्ख्या र यसका ४/४ वटा सम्पादकीयलाई नमुनाका रूपमा छनोट गरिएको छ ।

### ३.३ नमुना छनोट प्रक्रिया

यस अनुसन्धानमा कोसी सम्मान र खबर प्रवाह साप्ताहिकको २०७२ भदौ ११ देखि असोज ८ गतेसम्मको चार/चार वटा अङ्क नमुनाको रूपमा छनोट गरिएको छ ।

### ३.४ तथ्याङ्क सङ्कलनका साधन

यस अनुसन्धानमा निम्न स्रोत साधनको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ :

### ३.४.१. प्राथमिक तथ्याङ्क सङ्कलन

यस अध्ययनमा कोसी सम्मान र खबर प्रवाह साप्ताहिक पत्रिकाका चार/चार वटा सम्पादकीयलाई प्राथमिक स्रोतका रूपमा छनोट गरिएको छ ।

### ३.४.२. द्वितीयक तथ्याङ्क सङ्कलन प्रक्रिया

भाषा र त्यसको प्रयोग सम्बन्धी गरिएका शोधकार्य, अनुसन्धान प्रतिवेदनहरू, शोधसारहरू, शोधपत्र लेखन कार्यसँग सम्बन्धित विभिन्न सहायक पुस्तकहरू, शब्दकोश आदिलाई द्वितीयक स्रोतका रूपमा छनोट गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका प्रक्रिया

तथ्याङ्क सङ्कलनका प्रक्रियामा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

यस अनुसन्धानमा सम्पादकीयको भाषिक अध्ययन गर्न आगमन र निगमन विधिको प्रयोग गरिएको छ । अध्ययनको उद्देश्यअनुसार सङ्कलित तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिकीकरण गरिएको छ । वर्णनात्मक विधिको प्रयोग तथा साङ्खीकीय गरी सङ्कलित तथ्याङ्कको व्याख्या, विश्लेषण गरिएको छ ।

## अध्याय - चार

## नतिजा / परिणाम

### ४.१ तथ्याङ्कको विवरण

सुनसरी जिल्लाको इटहरी र महेन्द्रनगर गाविसबाट साप्ताहिक रूपमा प्रकाशित हुने खबर प्रवाह साप्ताहिक र कोसी सम्मान साप्ताहिक राष्ट्रिय तथा स्थानीय स्तरका खबरहरू प्रवाहित गर्न सफल देखिएका छन् । विशेषत : स्थानीय स्तरका खेल, अर्थ, शिक्षा लगायत जनचेतनाका विषयहरू समेत समावेश गरी जनताहरूलाई सुसूचित गरिरहेका छन् । उक्त पत्रिकाहरूमा नेपाली मानक भाषा प्रतिको रूची तथा विशुद्ध शैक्षिक चिन्तनले गर्दा उक्त पत्रिकाहरूमा भाषाको स्तरीय तथा मानकरूपको प्रयोग भएको देखिएको छ । अत : यस क्षेत्रबाट नियमित रूपमा प्रकाशित हुँदै आएका यिनै दुई साप्ताहिक पत्रिकाका चार/चारवटा अङ्कलाई सामग्रीको रूपमा लिइएको छ ।

प्रस्तुत कोसी सम्मान र खबर प्रवाह साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन गर्दा व्याकरणका विभिन्न कोटीहरूको प्रयोग भएको र शुद्ध मानक स्तरीय नेपाली भाषाको प्रयोग भएको पाइन्छ । सम्पादकीयका आधारभूत मान्यताहरूलाई पालना गरी सम्पादकीय लेखिएका पाइन्छन् । यस अध्ययनमा पाइएका भाषाका विविध पक्षका प्रयोगकर्ताहरूलाई वर्गिकरण गरिरहेको छ र उक्त सङ्कलन गरिएका सामग्रीहरू यसै शोधको परिशिष्टमा राखिएका छन् । सामग्रीबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्नुपर्दा यस अध्ययनमा सङ्ख्यात्मक तथ्याङ्कको पूर्ण प्रयोग गरिएको छ । कोसी सम्मान साप्ताहिकको ४ अङ्कमा जम्मा ४५ वाक्यहरू रहेका छन् । जसमध्ये ४१ वाक्य अभूतकालका र ४ वाक्य भूतकालका रहेका छन् । त्यस्तै ३७ वाक्य सामान्य पक्षका, एउटा वाक्य अपूर्ण पक्षका, ६ वाक्य पूर्ण पक्षका, एउटा वाक्य अभ्यस्त पक्षका रहेका छन् । यस साप्ताहिकका चारवटा अङ्कका सम्पादकीयमा उखानको शून्य प्रयोग भएको पाइन्छ भने ४१ वटा वाक्य करण र ४ वटा वाक्य अकरणमा लेखिएका छन् । त्यस्तै ४ देखि ६ शब्दमा संरचित भएका शीर्षकहरू राजनीतिक विषयवस्तुमा आधारित रहेका छन् । यसरी नै खबर प्रवाह साप्ताहिकको ४ अङ्कमा जम्मा १०६ वटा वाक्यहरू रहेका छन् । जसमध्ये ८६ वटा वाक्यहरू अभूत कालका र ३८ वटा वाक्यहरू भूतकालका रहेका छन् । त्यस्तै सामान्य

पक्षका ७५ वटा वाक्य, अपूर्ण पक्षका ७ वटा वाक्य, पूर्ण पक्षका १८ वटा वाक्य, अभ्यस्त पक्षका एउटा वाक्य रहेका छन् भने अज्ञात पक्षका कुनै पनि वाक्यहरू प्रयोग भएका छैनन् । त्यस्तै यस साप्ताहिक पत्रिकाको सम्पादकीयमा पनि उखानको प्रयोग शून्य देखिन्छ । यस पत्रिकाको सम्पादकीयमा करण वाक्य ८६ र अकरण वाक्य २० रहेका छन् । त्यस्तै २ देखि ४ शब्दमा संरचित सम्पादकीयहरू राजनीतिक, शैक्षिक, सुरक्षा जस्ता विषयवस्तुमा लेखिएका पाइन्छन् । गहन अध्ययन परीक्षण पश्चात प्राप्त तथ्यहरूलाई अलग अलग रुपमा प्रतिशतमा रूपान्तरण गरी देखाइएको छ । यसका साथै प्राप्त तथ्यहरू सङ्कलनका वर्गीकरण र व्याख्या गर्दै विवरणसहित विभिन्न तालिकामा प्रस्तुत गरी यस अनुसन्धानमा महत्त्वपूर्ण निष्कर्षहरू राखिएका छन् । सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययनलाई अलग-अलग तालिकीकरण गरी निम्नानुसार प्रस्तुत गरिएको छ : -

कोसी सम्मान र खबर प्रवाह साप्ताहिकमा प्रयुक्त विषय, शीर्षक, ढाँचा र शैलीको अवस्था

**शीर्षक**

| पत्रिका | शब्द सङ्ख्या | सम्पादकीयको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| कोसी सम्मान | ४ | ३ | ३७.५ |
| | ६ | १ | १२.५ |
| खबर प्रवाह | २ | १ | १२.५ |
| | ३ | १ | १२.५ |
| | ४ | २ | २५ |
| जम्मा | १९ | ८ | १०० |

तालिका सं. : १

माथि उल्लेखित तालिकाअनुसार कोशी सम्मान र खबर प्रवाह साप्ताहिक पत्रिकाहरुमध्ये कोशी सम्मान साप्ताहिकको सम्पादकीयमा ४ देखि ६ शब्दसम्मका शीर्षकहरु प्रयोग भएको पाइयो । त्यस्तै खबर प्रवाह साप्ताहिकको सम्पादकीयमा २ देखि ४ शब्दसम्मका शीर्षकहरु संरचित भएको पाइयो ।

**संरचना**

| पत्रिका | संरचना | सम्पादकीयको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| कोसी सम्मान | ३ अनुच्छेद | ३ | ३७.५ |
| | ४ अनुच्छेद | १ | १२.५ |
| खबर प्रवाह | २अनुच्छेद | १ | १२.५ |
| | ३अनुच्छेद | २ | १५ |
| | ४अनुच्छेद | १ | १२.५ |
| जम्मा | ८ अनुच्छेद | | १०० |

तालिका सं. : २

माथि उल्लेखित तालिकाअनुसार कोसी सम्मान साप्ताहिकमा ३ अनुच्छेदमामा संरचित सम्पादकीय ३ वटा र ४ अनुच्छेदमा संरचित सम्पादकीय एउटा रहेका छन् भने खबर प्रवाह साप्ताहिकमा २ अनुच्छेदमा संरचित सम्पादकीय सङ्ख्या एउटा, ३ अनुच्छेदमा संरचित सम्पादकीय एउटा र ४ अनुच्छेदमा संरचित सम्पादकीय एउटा रहेको पाइयो ।

**विषयवस्तु**

| पत्रिका | विषयवस्तु | सम्पादकीय सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| कोसी सम्मान | राजनीतिक | ४ | २० |
| खबर प्रवाह | राजनीतिक | २ | २५ |
| | शैक्षिक | १ | १२.५ |
| | सुरक्षा | १ | १२.५ |
| जम्मा | | ८ | १०० |

तालिका सं. : ३

माथिको तालिकाअनुसार कोसी सम्मान र खबर प्रवाह साप्ताहिक पत्रिकाहरुमा राजनीतिक, शैक्षिक र सुरक्षासँग सम्बन्धित विषयवस्तु समेटिएको सम्पादकीय लेखिएको पाइयो ।

## शैली

| पत्रिका | शैली | सम्पादकीय सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| कोसी सम्मान | अनुरोध | ४ | ५ |
| खबर प्रवाह | अनुरोध | २ | २५ |
| | सुझाव | १ | १२.५ |
| | सूचना | १ | १२.५ |
| जम्मा | | ८ | १०० |

तालिका : ४

माथिको तालिकाअनुसार अनुरोध, परामर्श र प्रशंसा शैलीमा सम्पादकीय लेखिएको पाइयो । जसअनुसार कोसी सम्मान साप्ताहिकमा अनुरोध शैलीका ४ वटा सम्पादकीय र खबर प्रवाह साप्ताहिकमा अनुरोध शैलीका २ वटा, सुझाव दिने शैलीका एउटा र रचना शैलीका एउटा सम्पादकीय पाइयो ।

कोसी सम्मान र खबर प्रवाह साप्ताहिकको शीर्षक, ढाँचा, विषयवस्तु र शैलीको समग्र अवस्था

## शीर्षक

| शीर्षक | कोसी सम्मान | खबर प्रवाह | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| २ शब्दका शीर्षक | | १ | १ | २.५ |
| ३ शब्दका शीर्षक | | १ | १ | १२.५ |
| ४ शब्दका शीर्षक | ३ | २ | ५ | ६२.५ |
| ६ शब्दका शीर्षक | १ | | १ | १२.५ |
| जम्मा | ४ | ४ | ८ | १०० |

तालिका सं. : ५

माथि उल्लेखित तालिकाअनुसार कोसी सम्मान र खबर प्रवाह साप्ताहिकका ४/४ अङ्कमान समग्र रुपमा हेर्दा २ शब्दमा शीर्षक संरचित एउटा सम्पादकीय, ३ शब्दमा संरचित शीर्षक एउटा सम्पादकीय ४ शब्दमा शीर्षक संरचित ५ वटा सम्पादकीय र ६ शब्दमा शीर्षक संरचित एउटा सम्पादकीय पाइयो ।

**संरचना**

| संरचना | कोसी सम्मान | खबर प्रवाह | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| २ अनुच्छेद | | १ | १ | १२.५ |
| ३ अनुच्छेद | ३ | २ | ५ | ६२.५ |
| ४ अनुच्छेद | १ | १ | २ | १२.५ |
| जम्मा | ४ | ४ | ८ | १०० |

तालिका सं. : ६

माथि उल्लेखित तालिकाअनुसार कोसी सम्मान र खबर प्रवाह साप्ताहिकका ४/४ अङ्कका सम्पादकीयलाई समग्र रुपमा हेर्दा २ अनुच्छेदमा संरचित सम्पादकीय एउटा, ३ अनुच्छेदमा संरचित सम्पादकीय ५ वटा ४ अनुच्छेदमा संरचित सम्पादकीय २ वटा पाइयो ।

**विषयवस्तु**

| विषयवस्तु | कोसी सम्मान | खबर प्रवाह | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| राजनीतिक | ४ | २ | ६ | ७५ |
| शैक्षिक | | १ | १ | १२.५ |
| सुरक्षा | | १ | १ | १२.५ |
| जम्मा | ४ | ४ | ८ | १०० |

तालिका सं. : ७

माथि उल्लेखित तालिकाअनुसार कोसी सम्मान र खबर प्रवाह साप्ताहीकका ४/४ अङ्कका सम्पादकीयलाई समग्ररुपमा हेर्दा राजनीतिक विषयका सम्पादकीय ६ वटा, शैक्षिक विषयको सम्पादकीय एउटा र सुरक्षा विषयको सम्पादकीय एउटा लेखिएको पाइयो ।

**शैली**

| शैली | कोसी सम्मान | खबर प्रवाह | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| अनुरोध | ४ | २ | ६ | ७५ |
| सुझाव | | १ | १ | १२.५ |
| सूचना | | १ | १ | १२.५ |
| जम्मा | ४ | ४ | ८ | १०० |

तालिका सं. : ८

माथि उल्लेखित तालिकाअनुसार कोसी सम्मान र खबर प्रवाह साप्ताहिकका ४/४ अङ्कका सम्पादकीयलाई समग्ररुपमा हेर्दा अनुरोध शैलीका ६ वटा सम्पादकीय, सुझाव शैलीका एउटा सम्पादकीय लेखिएको पाइयो ।

**कोसी सम्मान र खबर प्रवाह साप्ताहिकमा प्रयुक्त कालको विवरण**

| काल | कोसी सम्मान वाक्य सङ्ख्या | ख.प्र. वाक्य सङ्ख्या | जम्मा |
|---|---|---|---|
| अभूत | ४४ | ६८ | ११२ |
| भूत | १ | ३८ | ३९ |
| जम्मा | ४५ | १०६ | १५१ |

तालिका सं. : ९

माथि उल्लेखित तालिकाअनुसार कोसी सम्मान साप्ताहिकमा ४/४ वटा वाक्य अभुतकालका र एउटा वाक्य भूतकालको देखियो भने खबर प्रवाह साप्ताहिकमा ६८ वटा वाक्य अभूतकालका र ३८ वटा वाक्य भूतकालका पाइयो ।

**काल विवरण प्रतिशत**

| काल | कोसी सम्मान | ख.प्र. | जम्मा |
|---|---|---|---|
| अभूत | ९७.७४ % | ६४.१५ % | ७४.१७ % |
| भूत | २.२३ % | ३५.८४ % | २५.८२ % |
| जम्मा | १०० % | १०० % | १०० % |

तालिका सं. : १०

माथि उल्लेखित तालिकाअनुसार कोसी सम्मान साप्ताहिकमा ९७.७४ प्रतिशत वाक्य अभूतकालका र २.२३ प्रतिशत वाक्य भूतकालका देखियो । त्यस्तै खबर प्रवाह साप्ताहिकमा ६४.१५ प्रतिशत अभुतकालका र ३५.८४ प्रतिशत भूतकालका वाक्यहरु पाइयो । समग्रमा ७४.१७ प्रतिशत अभूतकालका र २५.२२ प्रतिशत भूतकालका वाक्य पाइयो ।

### कोसी सम्मान र खबर प्रवाह पत्रिकाको सम्पादकीयमा प्रयुक्त पक्षको विवरण

| पक्ष | कोसी सम्मान वाक्य सङ्ख्या | ख.प्र. वाक्य सङ्ख्या | जम्मा वाक्य |
|---|---|---|---|
| सामान्य | ३७ | ७५ | ११२ |
| अपूर्ण | १ | ७ | ८ |
| पूर्ण | ६ | १८ | २४ |
| अज्ञात | ० | ० | ० |
| अभ्यस्त | १ | १ | २ |
| जम्मा | ४५ | १०१ | १४६ |

तालिका सं. : ११

माथि उल्लेखित तालिकाअनुसार कोसी सम्मान र खबर प्रवाह साप्ताहिकका ४/४ अङ्कका सम्पादकीयलाई समग्ररुपमा हेर्दा सामान्य पक्षका ११२ वटा वाक्य, अपूर्ण पक्षका ८ वटा वाक्य, पूर्ण पक्षका २४ वटा वाक्य र अभ्यस्त पक्षका २ वटा वाक्य पाइयो ।

### पक्ष विवरण प्रतिशतमा

| पक्ष | कोसी सम्मान | ख.प्र. | जम्मा वाक्य |
|---|---|---|---|
| सामान्य | ८० % | ७४.२५ % | ८२.३५ % |
| अपूर्ण | २.२२ % | ६.९३ % | ५.८८ % |
| पूर्ण | १३.३३ % | १७.८२ % | १७.६४ % |
| अज्ञात | | | |
| अभ्यस्त | २.२२ % | २.२२ % | १.४७ % |
| जम्मा | १०० % | १०० % | १०० % |

तालिका सं. : १२

माथि उल्लेखित तालिकाअनुसार कोसी सम्मान र खबर प्रवाह साप्ताहिकका ४/४ अङ्कका सम्पादकीयलाई समग्ररुपमा हेर्दा सामान्य पक्षका ८२.३५%, अपूर्ण पक्षका ५.२२%, पूर्ण पक्षका १७.६४% र अभ्यस्त पक्षका १.४७% वाक्यहरु प्रयोग भएको पाइयो ।

**कोसी सम्मान र खबर प्रवाह पत्रिकाको सम्पादकीयमा प्रयुक्त करण अरकण वाक्यको विवरण**

| **वाक्य** | **कोसी सम्मान वाक्य सङ्ख्या** | **खबर प्रवाह वाक्य सङ्ख्या** | **जम्मा** |
|---|---|---|---|
| करण | ४१ | ८७ | १२७ |
| अकरण | ४ | २० | २४ |
| जम्मा | ४५ | १०६ | १५१ |

तालिका सं. : १३

माथि उल्लेखित तालिकाअनुसार खबर प्रवाह साप्ताहिक र कोसी सम्मान साप्ताहिकका ४/४ अङ्कका सम्पादकीयलाई समग्ररुपमा हेर्दा करण वाक्यहरु १२७ वटा र अकरण वाक्यहरु २४ वटा रहेको पाइयो ।

**करण-अकरण वाक्यको विवरण प्रतिशत**


| **वाक्य** | **को.स.** | **ख.प्र.** | **जम्मा** |
|---|---|---|---|
| करण | ९१.११ % | ८१.११ % | ८४.१० % |
| अकरण | ८.८८ % | १८.८६ % | १५.८९ % |
| जम्मा | १०० % | १०० % | १०० % |

तालिका सं. : १४

माथि उल्लेखित तालिकाअनुसार कोसी सम्मान र खबर प्रवाह साप्ताहिकका ४/४ अङ्कका सम्पादकीयलाई समग्ररुपमा हेर्दा करण वाक्य ८४.१०% र अकरण वाक्य १५.८९% पाइयो ।

कोसी सम्मान र खबर प्रवाह साप्ताहिकका ४/४ अङ्कका सम्पादकीयमा प्रयुक्त १५१ वाक्यहरूलाई काल, पक्ष, करण-अरकण वाक्यको आधारमा सङ्ख्याको निर्धारण गरी प्रतिशतमा रूपान्तरण गर्दा प्राप्त नतिजालाई प्रष्ट रूपमा देखाउँदा निम्न स्तम्भ चित्रको समेत प्रयोग गरिएको छ ।


कोसी सम्मान र खबर प्रवाह साप्ताहिकमा प्रयुक्त समग्र काल विवरण प्रतिशतमा




स्तम्भ चित्र सं. : १

माथिको स्तम्भचित्रअनुसार अभूतकाल वाक्य ७४.१७% र भूतकालका वाक्य २५.८२% पाइयो ।


कोसी सम्मान र खबर प्रवाह साप्ताहिकमा प्रयुक्त समग्र पक्ष विवरण प्रतिशतमा




स्तम्भ चित्र सं. : २

माथिको स्तम्भचित्रअनुसार सामान्य पक्षका वाक्य ८२.३५%, अपूर्ण पक्षका वाक्य ५.८८%, पूर्ण पक्षका वाक्य १७.६४%, अभ्यस्त पक्षका वाक्य १.४७% पाइयो ।


**कोशी सम्मान र खबर प्रवाह साप्ताहिक पत्रिकामा प्रयुक्त समग्र करण-अकरण वाक्य विवरण प्रतिशतमा**




स्तम्भ चित्र सं. : ३

माथिको स्तम्भचित्रअनुसार करण वाक्य ८४.१०% र अकरण वाक्य १५.९०% पाइयो ।

कोसी सम्मान र खबर प्रवाह साप्ताहिकको सम्पादकीयमा प्रयुक्त पक्षको विवरण




वृतचित्र सं. : १

माथिको वृत्तचित्रअनुसार सामान्य पक्षका वाक्य ८२.३५%, अपूर्ण पक्षका वाक्य ५.८८%, पूर्ण पक्षका वाक्य १७.६४% र अभ्यस्त पक्षका वाक्य १.४७% पाइयो ।

**कोसी सम्मान र खबर प्रवाह साप्ताहिकको सम्पादकीयमा प्रयुक्त करण-अकरण वाक्यको विवरण**

वृतचित्र सं. : २

माथिल्लो वृत्तचित्रअनुसार वाक्य ६४.१०% र अकरण वाक्य १५.९०% पाइयो ।

## ४.२ व्याख्या तथा विश्लेषण

विभिन्न तालिका, स्तम्भ चित्र, वृत चित्र मार्फत प्रस्तुत गरिएका सम्पूर्ण तथ्याङ्कहरूलाई अध्ययन गर्दा कोसी सम्मान साप्ताहिकको चार अङ्कको सम्पादकीयमा प्रयुक्त ४५ वाक्यहरूमध्ये सबैभन्दा बढी अभूत कालका सामान्य पक्ष र करण वाक्यहरू रहेका छन् भने उखान टुक्काको प्रयोग शून्य छ । त्यस्तै खबर प्रवाह साप्ताहिकको सम्पादकीयमा प्रयुक्त १०६ वाक्यहरूमध्ये सबैभन्दा बढी अभूत कालका सामान्य पक्ष जनाउने करण वाक्यहरू रहेका छन् । अज्ञात पक्ष जनाउने वाक्यहरू दुबै साप्ताहिकमा शुन्य रहेका छन् । कोसी सम्मान र खबर प्रवाह साप्ताहिकका ४/४ अङ्कलाई आधार मानेर उक्त तथ्याङ्कको छनोट गरिएको छ । अत : प्राप्त गरिएका यिनै तथ्यहरूलाई व्याख्या र विश्लेषण विभिन्न तालिकामार्फत प्रस्तुत गरिएको छ ।

### ४.२.१ सम्पादकीयको शीर्षकसम्बन्धी अध्ययन

कुनै पनि लेख, रचना वा ग्रन्थ आदिको नाम नै शीर्षक हो । सम्पादकीयको शीर्षकले समाचार वा विचार के विषयमा हो भन्ने कुरा बताउँछ र बताउनु पर्दछ । त्यति मात्र नभएर यसले पाठकलाई विषयवस्तुप्रति अभिरूचि पैदा गर्न सक्नु पर्दछ । शीर्षकको उद्देश्य अखबारलाई आकर्षक बनाउनु, समाचारको महत्त्व दर्शाउनु र पाठकलाई पत्रिका किन्ने बनाउनु नै हो (खनाल, २०६४ : १८८) । शीर्षकको छनोट गर्दा विषयवस्तुको प्रतिनिधित्व

गर्न सक्ने हुनुपर्दछ । सम्पादकीयको शीर्षक लेख्दा कर्तृवाच्य, सरल तथा प्रत्यक्ष क्रियाको प्रयोग गरिनु राम्रो हुन्छ । शीर्षकमा व्यक्तिवाचक नाम र संक्षिप्त शब्दको सकेसम्म प्रयोग गर्न हुँदैन । अत : समाचार वा सम्पादकीयको शीर्षक राख्दा एकदमै परिचित नाम मात्र प्रयोग गर्न सकिन्छ । घुमाउरो, दोहोरो अर्थ लाग्ने वा नबुझिने लामो शीर्षकमा अर्थहीन, लामा र अनावश्यक शब्दहरू प्रयोग गर्नुहुँदैन । शीर्षकमा अल्पविराम चिह्न, प्रश्न चिह्न र आश्चर्यबोधक चिह्न प्रयोग गरिदैन । क्रियापद र नामयोगीबाट शीर्षक सुरू गर्नु हुँदैन । शीर्षक छोटो, मीठो र सर्वसाधारणले बुझ्ने भाषामा हुनुपर्दछ । सबैभन्दा मुख्य कुरो शीर्षकले विषयवस्तुको पूर्ण प्रतिनिधित्व गर्नुपर्दछ ।

प्रस्तुत अध्ययनमा कोसी सम्मान र खबर प्रवाह साप्ताहिक पत्रिकाको सम्पादकीयको शीर्षक शब्द सङ्ख्याको आधारमा अध्ययन गरिएको छ । अध्ययनअनुसार दुई साप्ताहिक पत्रिकाका ४/४ अङ्कका ८ वटा सम्पादकीयका शीर्षक २ देखि ६ शब्दमा संरचित भएको पाइन्छ । जसलाई निम्नानुसार तालिकामा राखेर प्रस्तुत गरिएको छ :

| पत्रिका | शब्द सङ्ख्या | सम्पादकीयको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| कोसी सम्मान | ४ | ३ | ३७.५ % |
| | ६ | १ | १२.५ % |
| खबर प्रवाह | २ | १ | १२.५ % |
| | ३ | १ | १२.५ % |
| जम्मा | | ८ | १०० % |

तलिका सं. : १५

माथि उल्लिखित तालिकाअनुसार कोसी सम्मान र खबर प्रवाह साप्ताहिक पत्रिकाहरूमध्ये कोसी सम्मान साप्ताहिकको सम्पादकीयमा ४ देखि ६ शब्दसम्मका शीर्षकहरू प्रयोग भएको पाइयो । जसअनुसार ४ शब्दको ३ वटा (३७.५ प्रतिशत), ६ शब्दको एउटा (१२.५ प्रतिशत) रहेका छन् । खबर प्रवाह साप्ताहिकको सम्पादकीयमा २ देखि ४ शब्दसम्मका शीर्षकहरू संरचित भएको पाइयो । जसअनुसार २ शब्दको शीर्षक एउटा (१२.५ प्रतिशत), ३ शब्दको शीर्षक एउटा (१२.५ प्रतिशत), ४ शब्दको शीर्षक २ वटा (२५ प्रतिशत) रहेका छन् ।

दुबै पत्रिकाका सम्पादकीयमा ४ शब्दका शीर्षकहरू सबैभन्दा बढी प्रयोग भएको देखियो भने २ शब्दका शीर्षक कम प्रयोग भएको पाइयो । सम्पादकीयको शीर्षक छोटो, मिठो, जनसाधारणले बुझ्ने र विषयवस्तुको पूर्ण प्रतिनिधित्व गर्नुपर्ने हुँदा शीर्षकलाई उपयुक्त मान्न सकिन्छ भनी निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.२ सम्पादकीयको संरचनासम्बन्धी अध्ययन

कुनै वस्तुको बाहिरी ढाँचा, आकारप्रकार, रूपाकृति, प्रतिकृति आदिलाई संरचना भनिन्छ (अधिकारी र भट्टराई, २०६८ : ९५) । कुनै पनि वस्तु निश्चित ढाँचामा संरचित भएको हुन्छ । खासगरी वस्तुको बनोट, आकृति वा बाहिरी आवरण नै संरचना हो । पत्रिकाको सम्पादकीयको संरचना भन्नाले सम्पादकीयका अनुच्छेद र वाक्यलाई बुझाउँदछ । सम्पादकीयको संरचना पत्रिकाको आकार र विषयवस्तुमा भर पर्दछ । सुरूमा सम्पादकीयको शीर्षक हुन्छ । शीर्षकबाहेक घटना अथवा सम्पादकीयमा तीन खण्ड हुन्छ । तीन खण्डको सुरूमा विषयवस्तुको छोटो परिचय र पृष्ठभूमि हुन्छ । मध्य भागमा तथ्य विवरणलाई तर्कका साथ पेश गरिन्छ । दोस्रो भागमा व्याख्या, तार्किक विश्लेषण खण्ड, पुष्टि उदाहरण र मूल्याङ्कन सहितको मत प्रकट गर्ने कार्य गरिन्छ भने तेस्रो भाग सम्पादकीयको उपसंहार वा निष्कर्षको भाग हो ।यस भागमा निष्कर्ष र सुझाव प्रस्तुत गर्नुपर्दछ ।

प्रस्तुत अध्ययनमा सम्पादकीयको अनुच्छेद सङ्ख्याका आधारमा सम्पादकीयको संरचनासम्बन्धी अध्ययन गरिएको छ । अध्ययनका अनुसार नमुनाका रूपमा ४/४ वटा सम्पादकीयलाई लिइएको छ । जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

| पत्रिका | संरचना | सम्पादकीयको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| कोसी सम्मान | ३ अनुच्छेद | ३ | ३७.५ % |
| | ४ अनुच्छेद | १ | १२.५ % |
| खबर प्रवाह | २ अनुच्छेद | १ | १२.५ % |
| | ३ अनुच्छेद | २ | २५ % |
| | ४ अनुच्छेद | १ | १२.५ % |
| जम्मा | | ८ | १०० % |

तलिका सं. : १६

माथि उल्लिखित तालिकाअनुसार कोसी सम्मान साप्ताहिकमा ३ अनुच्छेदमा संरचित सम्पादकीय ३ वटा (३७.५ प्रतिशत) र ४ अनुच्छेदमा संरचित सम्पादकीयमा सङ्ख्या एउटच (१२.५ प्रतिशत) रहेका छन् भने खबर प्रवाह साप्ताहिकमा २ अनुच्छेदमा संरचित सम्पादकीय सङ्ख्या एउटा (१२.५ प्रतिशत), ३ अनुच्छेदमा संरचित सम्पादकीयमा संरचित सम्पादकीय सङ्ख्या एउटा (१२.५ प्रतिशत) रहेका छन् ।

कोसी सम्मान साप्ताहिकमा ३ अनुच्छेदमा संरचित सम्पादकीय सङ्ख्या सबैभन्दा बढी ३ वटा रहेको पाइयो भने ४ अनुच्छेदमा संरचित एउटा सम्पादकीयसमेत रहेको पाइयो । त्यस्तै खबर प्रवाह साप्ताहिकमा ३ अनुच्छेदमा संरचित सम्पादकीय सङ्ख्या २ वटा रहेको पाइयो भने २ अनुच्छेद र ४ अनुच्छेदमा संरचित सम्पादकीय एउटा/एउटा पाइयो । ३ अनुच्छेदमा संरचित सम्पादकीयलाई उपयुक्त सम्पादकीय मान्न सकिन्छ । ३ अनुच्छेद देखि ४ अनुच्छेदमा संरचित सम्पादकीयलाई स्वभाविक नै मानिन्छ । २ अनुच्छेदमा संरचित सम्पादकीयमा सम्पादकीयको पूर्ण अङ्ग समावेश हुन सक्दैन । सम्पादकीयको अङ्गका बारेमा पूर्ण ज्ञान नहुनु, सम्पादकीय लेख्दा विषयवस्तुको महत्त्वअनुसार संरचना फरक पर्नु र मानक नियम नहुनुले नै यस किसिमको संरचना भएको हो भनी निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.३ सम्पादकीयको विषयवस्तुसम्बन्धी अध्ययन

कुनै वर्णन, छलफल, अध्ययन, लेख, रचना आदिका लागि निश्चित गरिएको कुरो, विषय वा शीर्षकलाई विषयवस्तु भनिन्छ (अधिकारी र भट्टराई, २०६८ : ९२२) । अथवा बोल्ने, लेख्ने वा पढ्ने सन्दर्भमा तय गरिएको शीर्षक वा विषय नै विषयवस्तु हो । सम्पादकीयको विषयक्षेत्र ज्यादै फराकिलो छ । प्राय : सबै विषयमा सम्पादकीय लेख्न सकिन्छ तर पनि पाठकको महत्त्व विषय वा मुद्दामा सम्पादकीय लेख्नुपर्दछ । सम्पादकीयका विषयवस्तु समसामयिकता, सान्दर्भिक र उपयोगी हुनु आवश्यक छ । अत : सामाजिक, राजनीतिक आदि परिस्थितिलाई प्रभावित गर्ने महत्त्वपूर्ण घटना माथि नै सम्पादकीय लेख्नु उपयुक्त हुन्छ । सम्पादकीयको विषयवस्तु समय सान्दर्भिक र सर्वोपयोगी हुनु जरूरी हुन्छ ।

कोसी सम्मान र खबर प्रवाह साप्ताहिकको ४/४ अङ्कका सम्पादकीयमा रहेका विषयवस्तुलाई निम्न तालिकामा देखाइएको छ ।

| **पत्रिका** | **विषयवस्तु** | **सम्पादकीयको सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| कोसी सम्मान | राजनीतिक | ४ | ५० % |
| खबर प्रवाह | राजनीतिक | २ | २५ % |
| | शिक्षा | १ | १२.५ % |
| | सुरक्षा | १ | १२.५ % |
| जम्मा | | ८ | १०० % |

तालिका सं. : १७

माथिको तालिकाअनुसार कोसी सम्मान र खबर प्रवाह साप्ताहिक पत्रिकाहरूमा राजनीतिक, शैक्षिक र सुरक्षासँग सम्बन्धित विषयवस्तु समेटिएको देखिन्छ । जसमध्ये राजनीतिक विषयवस्तु बढी देखिन्छ । त्यसपछि शैक्षिक र सुरक्षासँग सम्बन्धित रहेका छन् । कोसी सम्मान साप्ताहिकमा राजनीतिक विषयवस्तु ४ वटा (५० प्रतिशत) देखियो भने अन्य विषयवस्तुमा सम्पादकीय लेखिएको पाइएन । त्यस्तै खबर प्रवाह साप्ताहिकमा राजनीतिक २ वटा (२५ प्रतिशत), शैक्षिक एउटा (१२.५ प्रतिशत) र सुरक्षासँग सम्बन्धित एउटा (१२.५ प्रतिशत) सम्पादकीय लेखिएको पाइयो । नेपाली साप्ताहिक पत्रिकाको मुख्य ध्येय भनेको राष्ट्रिय र स्थानीयस्तरका घटना लगायतका विविध पक्षसँग सम्बन्धित विषयका बारेमा जनतालाई सुसूचित गराउनु हो । संविधान सभाले संविधान घोषणा गरेपछि असन्तुष्ट राजनीतिक दलहरूद्वारा जारी भएको संविधानप्रति असन्तुष्टि जाहेर गरी आन्दोलन चलिरहेकोले नेपाली साप्ताहिक पत्रिकाहरूमा धेरै राजनीतिक विषयवस्तुमा आधारित धेरै सम्पादकीय आउनु स्वभाविक मान्न सकिन्छ भनी निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.४ सम्पादकीयमा प्रयुक्त शैलीको अध्ययन

कुनै कार्य वा गतिविधिको ढङ्ग, ढाँचा, तरिका वा विधिलाई शैली भनिन्छ । सामान्य अर्थमा शैलीलाई बाह्य गतिविधिको ढङ्ग, ढाँचा वा तरिकाको रूपमा बुझ्न सकिन्छ भने

भाषिक अर्थमा अभिव्यक्तिको तरिकाको रूपमा बुझ्न सकिन्छ । (भण्डारी र अन्य, २०६८ : २५ ) ।

सम्पादकीय लेखन स्वतन्त्र विधा भएकाले एउटा अखवार र अर्को अखवारको सम्पादकीय लेखन शैली फरक हुन सक्छ । सम्पादकीय लेखन शैलीलाई कुनै निश्चित सिद्धान्त अथवा नियमका आधारमा व्याख्या गर्न सकिदैन । खासगरी सम्पादकीय लेखनशैली, सरल, सहज र मिठासपूर्ण हुनुपर्छ । सङ्क्षेप शैलीमा विचारात्मक र तार्किक पारामा सम्पादकीय लेख प्रस्तुत गर्दा राम्रो हुन्छ । सम्पादकीय लेख्ने सम्पादकहरूको विषयवस्तुको आवश्यकताअनुसार विभिन्न शैलीको प्रयोग गर्न सक्दछन् । सम्पादकीय लेखनका केही तरिकाहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- प्रश्न गर्ने शैली
- परामर्श दिने शैली
- आलोचना गर्ने शैली
- प्रशंसा गर्ने शैली
- भविष्यवाणी गर्ने शैली
- अनुरोध गर्ने शैली
- विश्वास दिलाउने शैली
- भिन्नता देखाउने शैली
- रचनात्मक शैली

(काफ्ले, २०६८ : २४ )

नेपाली साप्ताहिक पत्रिकाको ४/४ वटा अङ्कमा रहेका सम्पादकीयलाई शैलीका आधारमा पनि अध्ययन गरिएको छ । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

| पत्रिका | शैली | सम्पादकीय सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| कोसी सम्मान | अनुरोध शैली | ४ | ५० % |
| खबर प्रवाह | अनुरोध शैली | २ | |
| | परामर्श शैली | १ | |

| | | | |
|---|---|---|---|
| | प्रशंसा शैली | १ | ५० % |
| जम्मा | | ८ | १०० % |

तलिका सं. : १८

माथि उल्लेखित तालिकाअनुसार कोसी सम्मान साप्ताहिकमा अनुरोध गर्ने शैलीका ४ वटा ( ५० प्रतिशत) छन् भने खबर प्रवाह साप्ताहिकमा अनुरोध गर्ने शैलीका २ वटा ( २५ प्रतिशत), प्रशंसा गर्ने शैलीका एउटा ( १२.५ प्रतिशत) सम्पादकीय लेखिएको पाइयो । यसरी हेर्दा नेपाली साप्ताहिक पत्रिकामा अनुरोध गर्ने शैलीका सम्पादकीय सबैभन्दा बढी ६ वटा पाइयो । देशमा आन्दोलन चलिरहेको बजार, पसल, यातायात, विद्यालय लगायतका क्षेत्रहरू ठप्प भएको, हत्याहिंसा र अशान्त वातावरण रहेको अवस्थामा सम्पादकीयको भावनाअनुसार त्यस्ता कार्यहरूको अन्त्यका लागि सरोकारवाला सम्पूर्ण पक्षलाई अनुरोध गर्नु स्वभाविक र अत्यावश्यक छ भनी निष्कर्ष निकालिएको छ ।

### ४.२.५ सम्पादकीयमा प्रयुक्त कालको अध्ययन

क्रियापदमा समयको सङ्केत गर्ने व्याकरणीक कोटिलाई काल भनिन्छ । कालको अध्ययन खास भाषामा समय बुझाउने भाषिक स्वरूपको अध्ययन हो । यसैले काल भाषिक समय हो । यो क्रिया वा धातुबाट अभिव्यक्त हुन्छ । नेपाली भाषामा कालको अभिव्यक्ति दुई किसिमले हुने गरेको पाइन्छ ।

**क) भूतकाल**

पहिले वा बितिसकेको समयमा काम हुने, हुँदै गरेको, भइसकेको, हुने बानी परेको र भइसकेको कुरा पछिमात्र थाहा भएको बुझाउने क्रियापदको समयलाई भूतकाल भनिन्छ । भूतकाल जनाउने क्रियापदको अन्त्यमा य् (इ, ए) परसर्गहरू लागेका हुन्छन् ।

**भूत कालका केही उदाहरणहरू**

क) चार/चार वटा सुरक्षा निकायले सही सुचना अपडेट गर्न नसक्दा परिणाम इतिहासकै दुःखद हुन गयो । (खबर प्रवाह, १ असोज २०७२)

ख) सीके राउतको निर्देशनमा यादवले सुरक्षा निकायका गाडीसहित यात्रु बोकेका आधा दर्जन गाडी माइन बिष्फोट गराई उडाउने प्लान बनाइरहेको प्रहरीले पत्ता लगायो । (खबर प्रवाह, २ असोज २०७२)

ग) संविधान जारी हुनुपूर्व जति गृहकार्य गरी आन्दोलनरत दलहरूलाई वार्तामा ल्याई सबैको संविधान नेपालको संविधान भन्ने आभास दिनु पर्दथ्यो । (कोस, ६ असोज २०७२)

घ) महात्मा गान्धीले भारतबाट अङ्ग्रेज धपाउनका लागि सुरू गरेको आन्दोलन हिंसात्मक थिएन । (खबर प्रवाह, १८ भदौ २०७२)

**ख) अभूतकाल**

अहिलेको समयमा काम हुने, हुँदै गरेको, भइसकेर पनि त्यसको असर बाँकी रहेको र पछि आउने समयमा काम हुने बुझाउँने क्रियापदको समयलाई अभूतकाल भनिन्छ । नेपाली भाषामा अभूतकाललाई वर्तमान काल र भविष्यत् काल गरी दुई भागमा बाँडेर चर्चा गरेको पाइन्छ (अधिकारी, २०५५ : ११५)

नेपाली साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त वाक्यहरूमा प्रयुक्त कालको अध्ययनलाई निम्न तालिकाका आधारमा प्रस्तुत गरिएको छ :

| काल | कोसी सम्मान वाक्य सं. | खबर प्रवाह वाक्य सं. | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| अभूत | ४४ | ६८ | ११२ | ७४.१७ % |
| भूत | १ | ३८ | ३९ | २५.८२ % |
| जम्मा | ४५ | १०६ | १५१ | १०० % |

तलिका सं. : १९

माथि उल्लिखित तालिकाअनुसार नेपाली साप्ताहिक पत्रिकाको सम्पादकीयमा अभूतकालीन वाक्यहरूको प्रयोग बढी भएको देखिन्छ भने भूतकालीन वाक्यहरूको प्रयोग न्यून भएको देखिन्छ । माथिको तालिकाअनुसार कोसी सम्मान साप्ताहिकको चार सम्पादकीयमा प्रयोग भएको जम्मा ४५ वाक्यहरू मध्ये ४४ वटा वाक्य अभूतकालका रहेको

पाइयो भने एउटा वाक्यमात्र भूतकालको प्रयोग भएको पाइयो । त्यस्तै खबर प्रवाह साप्ताहिकको चार सम्पादकीयमा प्रयोग भएका जम्मा १४६ वाक्यहरूमध्ये ६८ वटा वाक्य अभूतकाल र ३८ वटा वाक्य भूतकालका रहेको पाइयो । समग्रमा दुवै साप्ताहिकका चार/चार सम्पादकीयमा प्रयुक्त जम्मा १५१ वाक्यहरूमध्ये ११७ वटा वाक्य (७४.१७ प्रतिशत) अभूतकालीन वाक्य र ३९ वटा वाक्य (२५.८२ प्रतिशत) भूतकालीन वाक्य रहेको पाइयो ।

सम्पादकीय समसामयिक, सान्दर्भिक विषयवस्तुमा भर्खरै घटेका घटना वा विषयसँग सम्बन्धित रहेर लेखिने हुँदा यसमा अभूतकालका वाक्यको प्रयोग न्यून हुनु सामान्य मान्न सकिन्छ भनी निष्कर्ष निकाल्न सकिन्छ ।

**अभूत कालका केही उदाहरणहरू :**

क) हामी नेपाली जति नै ठूलो चोटमा पनि सहेर हाँस्न सक्ने क्षमता बोकेका छौँ । (खबर प्रवाह, ११ भदौं २०७२)

ख) शान्तिपूर्ण आन्दोलन गर्ने हाम्रो परम्परालाई केही शक्तिहरूले भड्काएर हिंसात्मक बनाउँदै छन् । (खबर प्रवाह, ११ भदौं २०७२)

ग) पूर्वका विभिन्न जिल्लामा बन्दका कारण विद्यालय खुल्न सकेका छैनन् । (खबर प्रवाह, १८ भदौ २०७२)

घ) नेपाली राष्ट्रियता, सार्वभौमिकता, आर्थिक विकास, विकास निर्माण, न्याय र प्रशासनको लागि बनेको मूल कानुन जारी हुनु स्वागतयोग्य कुरा हो । (कोसी सम्मान, ६ असोज २०७२)

### ४.२.६ सम्पादकीयमा प्रयुक्त पक्षको अध्ययन

कुनै कालमा भएको कामको अवस्थालाई पक्ष भनिन्छ । अथवा कालका विविध अवस्था विशेषलाई सङ्केत गर्ने रूपायनिक कोटिलाई पक्ष भनिन्छ । यसले क्रियाको कार्यमा पूर्णता, अपूर्णता, अभ्यस्तता आदिजस्ता कुराहरूलाई जनाउँदछ । यो पनि क्रियामा

अभिव्यक्त हुने कोटी हो । यसैका आधारमा पक्षलाई सामान्य, अपूर्ण, पूर्ण, अभ्यस्त र अज्ञात गरी पाँच भागमा बाँड्न सकिन्छ ।

नेपाली साप्ताहिक पत्रिकाको ४/४ वटा सम्पादकीयको भाषालाई पक्षका आधारमा अध्ययन गरिएको छ । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

| पक्ष | कोस. वाक्य सङ्ख्या | खप्र. वाक्य सङ्ख्या | जम्मा वाक्य | प्रतिशत |
|---|---|---|---|---|
| सामान्य | ३७ | ७५ | ११२ | ८२.३५ % |
| अपूर्ण | १ | ७ | ८ | ५.८८ % |
| पूर्ण | ६ | १८ | २४ | १७.६४ % |
| अभ्यस्त | १ | १ | २ | १.४७ % |
| अज्ञात | - | - | - | - |
| जम्मा | ४५ | १०१ | १४६ | १०० % |

तालिका : २०

माथि उल्लिखित तालिका अनुसार नेपाली साप्ताहिक पत्रिकाको सम्पादकीयमा सामान्य पक्षका वाक्यहरू बढी भेटिएका छन् भने अज्ञात पक्षको वाक्य प्रयोग गरिएको छैन । माथिको तालिकाअनुसार कोसीसम्मान साप्ताहिकको चार सम्पादकीयमा जम्मा ४५ वाक्यहरू मध्ये ३७ वटा वाक्यहरू सामान्य पक्षका, एउटा वाक्य अपूर्ण पक्षका, ६ वटा वाक्य पूर्ण पक्षका र एउटा वाक्य अभ्यस्त पक्षका रहेका छन् । त्यस्तै खबर प्रवाह साप्ताहिकका चार सम्पादकीयमा रहेका १०६ वाक्यहरूमध्ये ७५ वटा वाक्यहरू सामान्य पक्षका, ७ वटा वाक्यहरू अपूर्ण पक्षका, १८ वटा वाक्यहरू पूर्ण पक्षका र एउटा वाक्य अभ्यस्त पक्षका रहेका छन् भने ४ वटा वाक्यहरू इच्छार्थ र एउटा वाक्य सम्भावनार्थ रहेका छन् । समग्रमा दुवै साप्ताहिकका जम्मा १६१ वाक्यहरूमध्ये सामान्य पक्षका ११२ वटा वाक्यहरू (८२.३५ प्रतिशत), अपूर्ण पक्षका ८ वटा वाक्यहरू (५.८८ प्रतिशत), पूर्ण पक्षका १८ वटा वाक्यहरू (१७.६४ प्रतिशत), अभ्यस्त पक्षका २ वटा वाक्यहरू (१.४७ प्रतिशत) रहेका छन् ।

समयसापेक्ष, सान्दर्भिकता र वर्तमान समयका विषय, घटना, विचार आदि सम्पादकीयमा समावेश गरिने हुँदा सामान्य पक्षका वाक्यहरू बढी प्रयोग हुनु सामान्य मान्न

सकिन्छ भने कुनै राष्ट्रिय घटना, विषय, विचार आदि गोप्य रूपमा नरहने र तत्काले यसको जानकारी हुने भएकाले अज्ञात पक्षको प्रयोग भएको पाइदैन भनी निष्कर्ष निकाल्न सकिन्छ ।

**सामान्य पक्षका केही उदाहरणहरू :**

क) पछिल्लो निर्वाचनबाट भाजपाले सीट सङ्ख्यामा कांग्रेसलाई उछिन्यो । (खप्र., ८ असोज २०७२)

ख) सबै राजनीतिक दलहरू, आन्दोलनकारी, नागरिक समाज, बुद्धिजीवी सबै मिलेर सामाजिक सद्भाव कायम गराउनेतर्फ कदम चाल्न आवश्यक छ । (खप्र, ११ भदौ २०७२)

ग) केही क्षेत्र, समुदायनिहित मागलाई मात्र सम्बोधन गर्ने विषय पुरा गर्दै जाँदा हरेक क्षेत्र र समुदायको हितमा पनि सम्बोधन हुनु आजको आवश्यकता हो । (कोस, २३ भदौ २०७२)

**पूर्ण पक्षका केही उदाहरणहरू :**

क) मधेश आन्दोलनताका पूर्वमा लाहानपछि सबैभन्दा उग्र आन्दोलन इनरूवामा भएको थियो । (खप्र, १ असोज २०७२)

ख) उनीहरूले निर्वाध पढ्न पाउनु पर्ने माग गरेका थिए । (खप्र, १८ भदौ २०७२)

ग) आम जनताले चाहेको संविधान आउने संकेत पाउँदा जनता खु:सी भएपनि वर्तमान आन्दोलनरत पक्षको हिंसात्मक कार्यबाट सर्वसाधारण त्रसित बनिरहँदा नजिकिदै गरेका चाडपर्वहरूसमेत प्रभावित बन्ने आशङ्का पैदा भएको छ । (कोस, २९ भदौ २०७२)

घ) नेपालमा पछिल्लो समयमा भैरहेको उतारचढाव, आन्दोलन र शक्ति प्रदर्शनले सामाजिक सद्भाव भड्किने संकेत बढेको छ । (कोस, २३ भदौ २०७२)

**अभ्यस्त पक्षका केही उदाहरणहरू :**

क) संविधान जारी हुनुपूर्व जति गृहकार्य गरी आन्दोलनरत दलहरूलाई वार्तामा ल्याई सबैको संविधान नेपालको संविधान भन्ने आभाष दिनु पर्दथ्यो । (कोस, ६ असोज २०७२)

ख) यदि आन्दोलन हिंसात्मक हुँदैछ भन्ने जानकारी पाएका भए प्रहरीले सतर्कता अपनाउँथ्यो । (खप्र, १ असोज २०७२)

### ४.२.७ सम्पादकीयमा प्रयुक्त करण-अकरणको अध्ययन

क्रियापदको निषेधात्मक कार्य जनाउँने व्याकरणात्मक युक्तिलाई अकरण भनिन्छ । यसलाई करणका सापेक्षतामा हेरिन्छ । अकरण जनाउन निषेधात्मक 'न' क्रियाको आदि, मध्य र अन्त्यमा जोडिने गर्दछ । क्रियापदले सकारात्मक कार्य जनाउँने व्याकरणात्मक युक्तिलाई करण भनिन्छ । यसले छ वा हो भन्ने अर्थ प्रकट गर्दछ ( अधिकारी, २०६६ : १५६) ।

नेपाली साप्ताहिक पत्रिकाको ४/४ वटा सम्पादकीयको भाषालाई करण-अकरणका आधारमा निम्न तालिकाअनुसार अध्ययन गरिएको छ ।

| वाक्य | कोस वाक्य सङ्ख्या | खप्र वाक्य सङ्ख्या | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| करण | ४१ | ८६ | १२७ | ८४.१० % |
| अकरण | ४ | २० | २४ | १५.८९ % |
| जम्मा | ४५ | १०६ | १५१ | १०० % |

तलिका सं. : २१

माथि उल्लिखित तालिकाअनुसार नेपाली साप्ताहिक पत्रिकाको सम्पादकीयमा सकारात्मक अर्थ जनाउने करण वाक्यहरू बढी प्रयोग भएको देखिन्छ भने अकरण वाक्यहरूको प्रयोग न्यून देखिन्छ । तालिकाअनुसार कोसी सम्मान साप्ताहिकको चार सम्पादकीयमा प्रयुक्त ४५ वाक्यहरूमध्ये करण वाक्य ४१ वटा रहेका छन् भने अकरण वाक्य ४ वटा रहेका छन् । त्यस्तै खबर प्रवाह साप्ताहिकका ४ सम्पादकीयमा प्रयुक्त १०६ वटा वाक्यहरूमध्ये करण वाक्य ८६ वटा रहेका छन् भने अरकण वाक्य २० वटा रहेका छन् । समग्रमा दुवै साप्ताहिकका ४/४ सम्पादकीयमा प्रयुक्त वाक्यहरूमध्ये करण वाक्य १२७ वटा (८४.१० प्रतिशत), अरकण वाक्य २४ वटा ( १५.८९ प्रतिशत) रहेका छन् ।

सम्पादकीयले विशेषत : अनुरोध गर्ने, परामर्श दिने, घटना वा विषयका पक्षमा तार्किक विचार राख्ने हुँदा सम्पादकीयमा अकरण वाक्यको अनुपातमा करण वाक्य बढी प्रयोग भएको निष्कर्ष निकालिएको छ ।

**करण वाक्यका केही उदाहरणहरू :**

क) नरेन्द्र मोदी प्रधानमन्त्री बने । (खप्र, ८ असोज २०७२)

ख) एउटालाई पर्दा अर्कोले साथ दिने हाम्रो अर्को सहयोगी मन पनि छ । (खप्र, ११ भदौ २०७२) ।

ग) न्याय पाउन हक र अधिकार सुनिश्चित गर्न निस्वार्थपूर्ण, शान्तिपूर्ण आन्दोलन गर्दा उचित हुने देखिन्छ । (कोस, १५ भदौ २०७२)

घ) सबै पक्षले राज्यको महत्त्वपूर्ण विषय कुन हो भन्ने कुरामा गम्भिरतापूर्वक सोच्नु पर्ने देखिन्छ । (कोस, २९ भदौ २०७२)

**अकरण वाक्यका केही उदाहरणहरू :**

क) बहुमत हुँदा-हुँदै पनि पार्टी अध्यक्ष रहेकी सोनियाले प्रधानमन्त्री हुने इच्छा देखाइनन् । ( खप्र, ८ असोज २०७२)

ख) सही समयमा प्रहरीले सही सुचना संकलन गरेका कारण सीकेको योजना सफल हुन सकेन । (खप्र, १ असोज २०७२)

ग) जो अगाडि परेको पछि पर्दै नपरेको घरमा साँझ बिहान छाक टार्ने छैन । (कोस, २३ भदौ २०७२)

घ) संविधान जारी भैसकेपछाडि पनि एकै थलो नेपालका विभिन्न स्थानमा खुसीयाली मनाउनु र कहीँ कालो दिन मनाउनु, गोली चल्नु के साँच्चै नयाँ संविधानमा सम्बन्धित पक्षका मागहरू सम्बोधन भएका छैनन् त ? (कोस, ६ असोज २०७२)

### ४.२.८ सम्पादकीयमा प्रयुक्त उखानको अध्ययन

परम्परादेखि चलिआएका वाक्यका स्तरमा प्रयोग हुने सुत्रात्मक कथनलाई उखान भनिन्छ । उखानको सम्बन्ध कुनै घटना, कथा वा मानवीय अनुभवसँग जोडिने हुनाले यसको अर्थ साङ्केतिक रूपमा प्रकट हुन्छ । भाषिक अभिव्यक्तिलाई सटिक, प्रभावपूर्ण वा तिखो बनाउनका लागि मानिसले भाषामा अनकौँ सम्भावनाहरूलाई उपयोग गरेको हुन्छ । उखान यस्तै सारपूर्ण, सूत्रात्मक र अभिव्यक्तात्मक रचना हो । उखानलाई लोकोक्ति, कहावत, आहान आदि पनि भनिन्छ (बराल र एट्म, २०६६ : २४५) ।

प्रस्तुत शोध अध्ययनमा नेपाली साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त नेपाली उखानको समेत अध्ययन गरिएको छ । नमुनाका रूपमा छनोट गरिएका ४/४ वटा सम्पादकीयमध्ये कुनै पनि सम्पादकीयको कुनै पनि स्थानमा नेपाली उखानको प्रयोग गरिएको पाइएन । सम्पादकीय लेखनको मान्यताअनुसार सम्पादकीयमा उखानटुक्काको प्रयोगले सम्पादकीयलाई अनावश्यकरूपमा भद्दा बनाउँने हुँदा अध्ययन गर्ने क्रममा उखान नभेटिनुलाई सामान्य रूपमा नै लिन सकिन्छ भनी निष्कर्ष निकालिएको छ ।

## अध्याय : पाँच

## उपसंहार

### ५.१ सारांश

भाषाको अध्ययन गर्ने क्रममा यसका विविध प्रयोग क्षेत्रहरूलाई अध्ययनको महत्त्वपूर्ण क्षेत्र मानिन्छ । भाषाको यस्तै एक लोकप्रिय क्षेत्रका रूपमा पत्रकारिताको क्षेत्रलाई लिन सकिन्छ । पत्रकारिताको क्षेत्रभित्र सम्पादकीय लेखनलाई एक महत्त्वपूर्ण पाटोका रूपमा हेर्ने गरिन्छ । अझ छापा पत्रकारितामा सम्पादकीय र यसको प्रयोग गरिएको भाषालाई निकै महत्त्वका साथ हेर्ने गरिन्छ । यस अध्ययनमा सञ्चार जगतका पत्रपत्रिकाहरूले लेख्ने सम्पादकीयको भाषाको गम्भिरतापूर्वक विश्लेषण गरिएको छ । पत्रिकाको सम्पादकीय खण्डमा केन्द्रित भई गरिएको यस शोधकार्यमा नेपाली साप्ताहिक पत्रिकाको ४/४ अङ्कका ४/४ सम्पादकीय सामग्रीका रूपमा छनोट गरिएका छन् । यस शोधको प्रथम अध्यायमा भाषाको परिचय, भाषाका कथ्य र लेख्य रूप, सम्पादकीयको परिचय बारेमा सामान्य चर्चा गरिएको छ । समस्या कथनका रूपमा सम्पादकीयका विषयवस्तु, ढाँचा, शैली र शीर्षक, सम्पादकीयको भाषामा वाक्यहरूको प्रयोग स्थिति, सम्पादकीयमा प्रयुक्त नेपाली उखानको अवस्थालाई प्रस्तुत गरिएको छ । अध्ययनको औचित्य र महत्त्वलाई संक्षिप्तमा प्रस्तुत गर्दै अध्ययनका उद्देश्यभित्र ३ वटा बुँदाहरू समावेश गरिएका छन् । नेपाली साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त विषयवस्तु, ढाँचा, शैली र शीर्षकको मूल्याङ्कन गर्नु, सम्पादकीयमा प्रयुक्त वाक्यहरूको विश्लेषण गर्नु, सम्पादकीयमा प्रयुक्त नेपाली उखानको पहिचान गर्नु गरी जम्मा तीन वटा उद्देश्यहरूमा प्रस्तुत शोधकार्य समेटिएको छ । अध्ययनको परिसीमा अन्तर्गत कोसी सम्मान साप्ताहिकको मिति २०७२ भदौ ११ देखि असोज ८ सम्मका जम्मा १४ वटा अङ्क र खबरप्रवाह साप्ताहिकको २०७२ भदौ ११ देखि असोज ८ सम्मका ४ वटा अङ्कमा प्रयुक्त शीर्षक, वाक्य र उखानलाई मात्र नमुनाका रूपमा छनोट गरिएका छन् । प्रस्तुत अध्ययन छनोट गरिएका अङ्कहरूको सम्पादकीयमा प्रयुक्त शीर्षक, विषयवस्तु, ढाँचा र शैली, सम्पादकीयमा प्रयुक्त वाक्यको काल, पक्ष, करण-अकरण र नेपाली उखान टुक्काको अध्यायमा मात्र केन्द्रित रहेको छ । साथै प्रथम अध्ययनको अन्त्यमा नवआगन्तुक, अन्य विषयक्षेत्र, व्याकरणिक एकाइ, नेपाली साप्ताहिक जस्ता पारिभाषिक शब्दहरूको समेत प्रयोग गरिएको छ ।

कुनै पनि कार्य गर्नुअगाडि त्यस कार्यभन्दा पहिले अन्य कार्यहरू भएको, नभएको बारेमा खोजी गर्नु आवश्यक छ । पूर्वकार्यका अनुभवहरूले वर्तमानमा समेत महत्त्वपूर्ण मार्गदर्शन गर्छ । अनुसन्धानको एक महत्वपूर्ण अङ्ग पूर्वकार्यको समीक्षा भएको हुँदा यस अध्ययनको दोस्रो अध्यायमा पाँचजना शोधार्थीहरूको शोधपत्रलाई आधार मानेर पूर्वकार्यको समीक्षा गरिएको छ ।

धिताल (२०६८) ले नेपाली दैनिक समाचार पत्रमा प्रयुक्त पारिभाषिक शब्दावलीको अध्ययन शीर्षकको शोध तयार पारेका छन् । उक्त शोधको निष्कर्षको रूपमा दैनिक समाचार पत्रमा प्रशस्त मात्रामा पारिभाषिक शब्दहरू प्रयोग भएको, यस्ता शब्दावलीहरू कुनै शीर्षकमा त कतै अनुच्छेद तथा सङ्कथनभित्र प्रस्तुत भएका, दैनिक समाचार पत्रमा प्रयुक्त पारिभाषिक शब्दावलीहरू राजनीति, पर्यटन, सामाजिक तथा सांस्कृतिक, कानुन, अर्थ, आदिजस्ता विषयक्षेत्रसँग सम्बन्धित पाइएको कुराहरू उल्लेख गरेका छन् । यसैगरी अर्याल (२०६७) ले नेपाल समाचारपत्र दैनिकको समाचार खण्डमा प्रयुक्त भाषाको अध्ययन शीर्षकमा शोधकार्य सम्पन्न गरेकी छिन् । उक्त शोधको निष्कर्षमा तत्सम् र अङ्ग्रेजी शब्दको बाहुल्यता भएको, समाचारमा अपवाद र एकअर्कामा बाझिने शब्दहरू प्रयोग भएको जस्ता महत्त्वपूर्ण कुराहरू उल्लेख गरिएका छन् । काफ्ले (२०६८) ले राजधानी अन्तर्राष्ट्रिय साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त नेपाली भाषाको अध्ययन शीर्षकमा शोध तयार पारेका छन् । उक्त शोधमा निष्कर्षका रूपमा दुईदेखि चार शब्दसम्मका शीर्षकहरू संरचित भएका, विषयवस्तुका आधारमा बढी राजनीतिक विषयमा र सबैभन्दा कम जानकारी दिने विषयवस्तुमा लेखिएको सामान्य, अपूर्ण र पूर्ण पक्षको प्रयोग भएको, अभ्यस्त र अज्ञात पक्षको प्रयोग शुन्य देखिएको कुराहरू उल्लेख गरिएका छन् । पराजुली (२०६६) ले धरानबाट प्रकाशित पत्रिकाहरूमा पाइएका वर्णविन्यास सम्बन्धी त्रुटिहरूको अध्ययन शीर्षकको शोध तयार पारेका छन् । उक्त शोधको निष्कर्षका रूपमा ह्रस्वदीर्घसम्बन्धी त्रुटिको तुलनामा हलन्त र अजन्त सम्बन्धी त्रुटि कम भएको, श/ष/स मा प्रशस्त त्रुटि भएको कुराहरू उल्लेख गरेका छन् ।

ढुङ्गाना (२०६४) ले नेपाली दैनिक पत्रिकामा प्रयुक्त भाषाको अध्ययन शीर्षकको शोधकार्य सम्पन्न गरेका छन् । उक्त शोधको निष्कर्षका रूपमा दैनिक समाचारपत्रमा शब्दसम्बन्धी त्रुटिहरू बढी हुने गरेका, बढीमात्रामा ह्रस्वसम्बन्धी त्रुटिहरू पाइएका,

गोरखापत्रमा दीर्घसम्बन्धी त्रुटिहरू बढी हुने गरेको कुराहरू उल्लेख गरिएको छ । उल्लिखित शोधहरूले पत्रिकाहरूमा भएका सम्पादकीयका भाषासम्बन्धी थप अध्ययन अनुसन्धान गर्न प्रेरणा मिल्ने देखिन्छ । प्रस्तुत शोधहरूबाट यस अध्ययनलाई समेत महत्त्वपूर्ण मार्गदर्शन प्रदान गरेको छ । नेपाली साप्ताहिक पत्रिकामा प्रयुक्त सम्पादकीयको भाषिक अध्ययन शीर्षकको शोध अध्ययनले सम्पादकीयको शीर्षक, संरचना, विषयवस्तु, शैली र भाषासम्बन्धी सुधारका लागि कार्यान्वयन पक्षमा महत्त्वपूर्ण आधारहरू प्रस्तुत गर्न सक्छ । साथै सम्पादकीय लेखनमा मार्गदर्शन गर्ने हुँदा यो शोध मौलिक अनुसन्धानात्मक कृति रहेको छ । प्रस्तुत शोधकार्य बालकृष्ण पोखेल र अन्यद्वारा सम्पादित नेपाली बृहत शब्दकोश, डा हेमाङ्गराज अधिकारीद्वारा लेखिएको समसामयिक नेपाली व्याकरण, डा. पारसमणि भण्डारी र अन्यद्वारा लेखिएको भाषिक अनुसन्धान विधि आदि पुस्तकहरूका आधारमा सम्पन्न गरिएको छ ।

भाषिक अनुसन्धानका सामान्य विधिहरू अन्तर्गत वर्णनात्मक विधि, सर्वेक्षण विधि, क्षेत्रीय अध्ययन विधि, तुलनात्मक विधि, प्रयोगात्मक विधि, भाषा प्रयोगशाला विधि, क्रियात्मक अनुसन्धान विधि पर्दछन् । प्रस्तुत शोधमा वर्णनात्मक विधिको प्रयोग गरिएको छ । जनसङ्ख्या र नमुनाका रूपमा कोसी सम्मान र खबर प्रवाह साप्ताहिकका ४/४ वटा अङ्कका सम्पादकीयलाई लिइएको छ । यस अध्ययनमा इटहरीबाट प्रकाशित खबर प्रवाह साप्ताहिक र महेन्द्रनगरबाट प्रकाशित कोसी सम्मान साप्ताहिक पत्रिकाहरूको ४/४ वटा अङ्कलाई प्राथमिक स्रोतको रूपमा लिइएको छ र शब्दकोश, व्याकरणका पुस्तकहरू, भाषासम्बन्धी पुस्तकहरू, पूर्व शोध, पत्रपत्रिका, लेख आदिलाई द्वितीयक स्रोतको रूपमा लिइएको छ ।यस शोधकार्यमा पुस्तकालयीय विधि प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ र उक्त तथ्याङ्कहरूलाई प्रयोगात्मक नेपाली व्याकरणका आधारमा व्याख्या विश्लेषण गर्दै निष्कर्ष निकालिएको छ । विभिन्न तालिकाहरू, स्तम्भचित्र लगायत वृत चित्रमार्फत प्राप्त तथ्यहरू प्रस्तुत गरी यस अध्ययनको प्रक्रियालाई पूर्णता दिइएको छ ।

शोध अध्ययनको महत्त्वपूर्ण अङ्गको रूपमा अध्याय चार रहेको हुन्छ । यस अध्यायमा खबर प्रवाह साप्ताहिक र कोसी सम्मान साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त शीर्षक, संरचना, विषयवस्तु, शैली, वाक्यहरू र नेपाली उखानहरूलाई तथ्याङ्कद्वारा प्रष्ट पार्ने काम गरिएको छ । कोसी सम्मान साप्ताहिकका चार अङ्कमा चार सम्पादकीयमा

४५ वटा वाक्यहरू रहेका छन् भने खबर प्रवाह साप्ताहिकको चार अङ्कका चार सम्पादकीयमा १५१ वाक्यहरूमध्ये सामान्य पक्षका ११२ वाक्य, अपूर्ण पक्षका ८ वाक्य, पूर्ण पक्षका २४ वाक्य र अभ्यस्त पक्षका २ वटा वाक्यहरू प्रयोग भएका छन् । त्यस्तै करण वाक्यहरू १२७ र अकरण वाक्यहरू २४ वटा रहेका छन् । त्यसरी नै अभूतकालका ११२ वटा वाक्य र भूत कालका ३९ वटा वाक्यहरू रहेका छन् । त्यस्तै कोसी सम्मान साप्ताहिकमा ४ शब्द सङ्ख्याका शीर्षक ३ वटा र ६ शब्दसङ्ख्याका शीर्षक एउटा सम्पादकीय रहेका छन् भने खबर प्रवाह साप्ताहिकमा २ शब्द सङ्ख्याका शीर्षक एउटा, ३ शब्द सङ्ख्याका शीर्षक एउटा सम्पादकीय रहेका छन् भने खबर प्रवाह साप्ताहिकमा २ शब्द सङ्ख्याका शीर्षक २ वटा सम्पादकीय रहेका छन् । कोसी सम्मान साप्ताहिकमा ३ अनुच्छेदमा संरचित ३ वटा र ४ अनुच्छेदमा संरचित एउटा सम्पादकीय रहेका छन् भने खबर प्रवाह साप्ताहिकमा २ अनुच्छेदमा संरचित एउटा, ३ अनुच्छेदमा संरचित २ वटा र ४ अनुच्छेदमा संरचित एउटा सम्पादकीय रहेका छन् । दुवै साप्ताहिकमा राजनीतिक विषयवस्तुको बाहुल्यता रहेको छ । अनुरोध गर्ने शैलीमा बढी सम्पादकीय लेखिएका छन् भने दुवै साप्ताहिकमा नेपाली उखानको प्रयोग शुन्य देखिन्छ ।

सम्पादकीय वर्तमान समयमा सान्दर्भिक विषयवस्तु, घटना तथा विचारमा तार्किक हिसाबले लेखिने हुँदा अभूत काल र सामान्य पक्षका वाक्यहरू सबैभन्दा बढी प्रयोग भएको हो । सम्पादकीयमा उखानको प्रयोगले सम्पादकीयलाई भद्दा बनाउने हुँदा सम्पादकीयमा उखानको प्रयोग नगरिएको हो । सम्पादकीय स्वतन्त्र विधा भएको र सम्पादकीय लेखनका मानक मान्यताहरू नभएका अनि विषयवस्तुअनुसार सम्पादकीयका शब्द सङ्ख्या घटबढ हुने हुँदा यसको शीर्षक, संरचना र शैलीमा विविधता हुन गएको हो । साथै सम्पादकीय लेखनका आधारभूत मान्यताबारे जानकारी नहुनु, सम्पादकीय विषयअनुसार जुनसुकै कालको पक्षमा लेखिने हुँदा यसप्रकारका विविधता हुने भएको हो भन्ने निष्कर्ष यस अध्ययनमा पत्ता लागेको छ ।

## ५.२ निष्कर्ष

नेपाली साप्ताहिक पत्रिकाका ४/४ अङ्कका ४/४ सम्पादकीयमा प्रयुक्त नेपाली भाषाको अध्ययन गर्ने क्रममा प्राप्त निष्कर्षलाई निम्नानुसार बुँदागत रूपमा देखाउन सकिन्छ :-

- सम्पादकीयको शीर्षकको आधारमा अध्ययन गर्दा २ देखि ६ शब्दसम्मका शीर्षकहरू भएका पाइन्छन् । जसमध्ये ४ शब्दे शीर्षक सबैभन्दा बढी ५ वटा र सबैभन्दा कम २ शब्दे शीर्षक एउटा रहेको पाइन्छ ।
- सम्पादकीयको संरचनाको आधारमा अध्ययन गर्दा सम्पादकीयहरू २ देखि ४ अनुच्छेदसम्म संरचित भएका पाइन्छन् । जसमध्ये सबैभन्दा बढी ३ अनुच्छेदमा संरचित सम्पादकीय ५ वटा र सबैभन्दा कम २ अनुच्छेदमा संरचित सम्पादकीय एउटा रहेको पाइन्छ ।
- सम्पादकीयको विषयवस्तुको आधारमा अध्ययन गर्दा ३ वटा विषयवस्तुमा केन्द्रित रही सम्पादकीय लेखिएको पाइन्छ । जसमध्ये सबैभन्दा बढी राजनीतिक विषयमा ६ वटा सम्पादकीय र सबैभन्दा कम शैक्षिक र सुरक्षासँग सम्बन्धित विषयमा एउटा / एउटा सम्पादकीय लेखिएको पाइन्छ ।
- सम्पादकीयको शैलीको आधारमा अध्ययन गर्दा विभिन्न शैलीमा सम्पादकीयहरू संरचित भएका पाइन्छन् । जसमध्ये सबैभन्दा बढी अनुरोध गर्ने शैलीमा ६ वटा सम्पादकीय र सबैभन्दा कम परामर्श दिने र प्रशंसा गर्ने शैलीमा एउटा / एउटा सम्पादकीय लेखिएको पाइन्छ ।
- सम्पादकीयमा प्रयुक्त वाक्यहरूको कालका आधारमा अध्ययन गर्दा अभूतकालीन वाक्यहरूको प्रयोग बढी देखिन्छ । दुबै साप्ताहिकका जम्मा १५१ वाक्यमध्ये ११२ वटा वाक्य अभूतकालका र भूतकालका ३९ वटा वाक्यहरू प्रयोग भएको पाइन्छन् ।
- सम्पादकीयलाई पक्षका आधारमा अध्ययन गर्दा सामान्य, अपूर्ण, पूर्ण, अभ्यस्त पक्षको प्रयोग भएको पाइन्छ भने अज्ञात पक्षको प्रयोग शून्य देखिन्छ । जम्मा १४६ वटा वाक्यहरूमध्ये सबैभन्दा बढी सामान्य पक्षका ११२ वटा वाक्यहरूर सबैभन्दा कम अभ्यस्त पक्षको एउटा वाक्य प्रयोग भएको पाइन्छ भने ४ वटा वाक्य इच्छार्थ र एउटा वाक्य सम्भावनार्थ समेत प्रयोग भएको देखिन्छ ।
- सम्पादकीयलाई करण-अकरणको आधारमा अध्ययन गर्दा करण वाक्यहरूको प्रयोग बढी देखिन्छ । जम्मा १५१ वाक्यहरू मध्ये सबैभन्दा बढी करण वाक्यहरू १२७ वटा र सबैभन्दा कम अकरण वाक्यहरू २४ वटा प्रयोग भएको पाइन्छ ।
- सम्पादकीयमा उखानको प्रयोग शून्य देखिन्छ ।

### ५.३ उपयोगिता (कार्यान्वयन)

प्रस्तुत शोध स्नातकोत्तर तह दोस्रो वर्षको नेपाशि ५९८ को पाठ्यांशको आंशिक परिपूर्तिको लागि लेखिएको भएपनि यसले छुट्टै महत्त्व राखेको छ । यस शोधको उपयोगिता वा कार्यान्वयनलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

#### ५.३.१ नीतिगत तह

जुनसुकै गरिएको जस्तोसुकै अध्ययनको पनि निश्चित उद्‌देश्य रहेको हुन्छ । सोही उद्देश्यको आधारमा शोधको उपयोगिता झल्किएको हुन्छ । यस शोधको उपयोगिता वा कार्यान्वयनलाई नीतिगत तहमा विभिन्न किसिमले लागु गर्न सकिन्छ ।

प्रस्तुत शोध नेपाली साप्ताहिक पत्रिकाहरूको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन गर्नमा केन्द्रित रहेको छ । तथ्यपूर्ण सामग्रीको आधारमा अध्ययन र विश्लेषण गरी निष्कर्ष समेटिएको प्रस्तुत शोधले पत्रपत्रिका सम्पादन गरिरहेका सम्पादक लगायत, पत्रकार वर्ग, नेपाली भाषाका अध्येता, अनुसन्धानकर्ता सबैलाई प्रशस्त सहयोग गर्न सक्नेछ । पत्रपत्रिका स्तरीय र मानक नेपाली भाषाको प्रयोग गरी प्रकाशन गर्न सम्बन्धित सबै पक्षलाई प्रस्तुत शोध उपयोगी सिद्ध हुनेछ । साथै नेपाली भाषासम्बन्धी नीति निर्माण गर्न नीतिनिर्माण तहमा समेत यो शोध महत्त्वपूर्ण हुनेछ । साथै अन्य पत्रपत्रिकाहरूसँग सम्बन्धित रही खोज अनुसन्धानमा लाग्न चाहने अनुसन्धानकर्ता र शोधार्थीहरूलाई समेत प्रस्तुत शोध सहयोगी बन्न सक्नेछ ।

यस शोधले नेपाली साप्ताहिक पत्रिकाहरू सम्पादनका क्रममा महत्त्वपूर्ण सहयोग पुऱ्याउन सक्नेछ । पत्रिकाको महत्त्वपूर्ण अङ्ग सम्पादकीय कस्तो संरचनामा, कस्ता विषयवस्तुलाई प्राथमिकता दिइने भन्ने कुराहरूका बारेमा यो शोधले पथ प्रदर्शनको भूमिका निर्वाह गर्न सक्नेछ ।

#### ५.३.२ कार्यान्वयन तह

प्रस्तुत शोधले पत्रपत्रिका प्रकाशनका क्षेत्रमा लागेका व्यक्तिहरूलाई स्तरीय र मानक भाषाको प्रयोग गरी सम्पादकीय लेखनमा प्रेरणा प्रदान गर्नेछ । सम्पादकीय राष्ट्रिय

राजनीति, घटना, विचार लगायत जनचासोसँग प्रत्यक्ष सम्बन्धित रहने हुँदा सम्पादकीय बृद्धिजीवी वर्गको लागि मात्र नभएर आमजनसमुदायको लागि हुनुपर्दछ । सम्पादकीयमा जटिल र दुर्बोध्य वाक्य तथा शब्दहरूको प्रयोग नभई सरल र जनजीवनमा प्रचलित भएका भाषाका शब्दहरू प्रयोग गर्नुपर्ने हुन्छ । साथै सञ्चारका माध्यमहरूले प्रयोग गर्ने भाषामा अनेकता नभई एकताको खाँचो रहेको छ । जसले गर्दा पाठक वर्गमा द्विविधाको स्थितिको अन्त्य होस् । अत : यो शोध विशेष गरी पत्रपत्रिकाभित्र पाइने सम्पादकीय लेखनका लागि व्यवहारिक दृष्टिकोणबाट समेत उपयोगी सिद्ध हुनेछ ।

### ५.४ सुझावहरू

प्रस्तुत शोधकार्यको निष्कर्षमा 'नेपाली साप्ताहिक पत्रिकामा प्रयुक्त सम्पादकीयको भाषिक अध्ययन' नामक अध्ययनमा सम्पादकीयको अझ परिष्कार, परिमार्जन र स्तरीकरणका लागि कोही सुझावहरू दिन आवश्यक ठानिएको छ । शोधकार्यको उद्देश्य भनेको समस्या मात्र पत्ता लगाउनु  नभएर समस्या समाधानका लागि आवश्यक सुझावहरू प्रदान गर्नु पनि हो । प्रस्तुत शोधकार्य पश्चात शोध विषयसँग सम्बन्धित पक्षलाई निम्न सुझावहरू बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

- अध्ययनका क्रममा धेरै लामा लामा वाक्यको प्रयोग पाइयो । जसलाई कम गर्नु उपयुक्त हुन्छ ।
- केही घुमाउरा र अस्पष्ट किसिमका वाक्य प्रयोगले सम्पादकीयलाई दुर्बोध्य बनाएझैं अनुभूति हुन्छ । त्यस किसिमको प्रयोगमा कमी गर्नु नै राम्रो मानिन्छ ।
- सम्पादकीयमा राजनीति विषयले बढी प्राथमिकता पाएको देखिन्छ । जनसाधारणसँग प्रत्यक्ष सरोकार राख्ने अन्य विषय क्षेत्रसँग सम्बन्धित विषयमा पनि सम्पादकीय लेखिनु राम्रो मानिन्छ ।
- स्थानीयस्तरबाट प्रकाशित हुने पत्रिका भएकाले नेपाली भाषाको संरक्षण र सम्बर्धनमा यसको महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसैले जटिल किसिमका आगन्तुक शब्दहरूको नेपाली रूप पहिल्याएर सोहीअनुरूप सम्प्रेषण गर्दा उपयुक्त हुन्छ ।
- जटिल वाक्यको बढी प्रयोगलाई कम गर्नु उपयुक्त हुन्छ ।

- विभिन्न प्रकारका तालिम, गोष्ठी, छलफल आदि आयोजना गरी सम्पादकीय लेखनसम्बन्धी सरोकार पक्षलाई जानकारी दिनु उपयुक्त हुन्छ ।
- सम्पादकीयले दिने सन्देश वा भाव बुझ्न सर्वसाधारणवर्गलाई गाह्रो नपरोस भनी सबै वर्गले बुझ्ने भाषा सम्पादनमा सम्पादक वर्ग सचेत रहनुपर्छ ।
- सम्पादकीय लेख्ने सम्पादकहरूले भाषाविज्ञ लगायत पाठकहरूबाट महत्त्वपूर्ण सुझावहरू सङ्कलन गरी सम्पादकीयलाई स्तरीय र सरल बनाउनु पर्दछ ।

## ५.५ भावी अनुसन्धानका लागि सम्भाव्य शीर्षकहरू

समाज र राष्ट्रको उन्नति र विकासको लागि समयसापेक्ष रुपमा विभिन्न कार्यहरू गर्नुपर्ने हुन्छ । समाज र राष्ट्रको विकासमा नयाँ अध्याय थप्नका लागि अनुसन्धानको उच्च स्थान रहेको छ । सम्पादकीय स्वतन्त्र विधा भएकाले तथा समाचारपत्रको महत्त्वपूर्ण अङ्ग भएकोले यसमा सरलता, स्पष्टता, वस्तुनिष्टता र विश्वश्नीयता हुनु जरूरी छ । त्यसैले पनि यस विषयको अध्ययन, अनुसन्धानको क्षेत्र व्यापक छ । यस शोध अध्ययनले समेट्न नसकेका यससँग सम्बन्धित अन्य थुप्रै समस्या रहेका छन् र ती समस्याहरूलाई भावी पुस्ताले अध्ययन अनुसन्धान गर्ने अपेक्षा शोधकर्ताले गरेको छ । सम्पादकीयसम्बन्धी शोध अध्ययनका लागि धेरै शीर्षकहरू हुन सक्छन् । तीमध्ये केही शीर्षकलाई निम्नानुसार प्रस्तुत गरिएका छ :

- नेपाली साप्ताहिक पत्रिकाको अर्थ समाचार खण्डमा प्रयुक्त भाषाको अध्ययन,
- सुनसरीबाट प्रकाशित हुने साप्ताहिक पत्रिकाको समाचार खण्डमा प्रयुक्त वाक्यको अध्ययन,
- स्थानीयस्तरका विद्युतीय सञ्चार माध्यमको भाषिक अध्ययन,
- स्थानीयस्तरबाट प्रकाशित नेपाली साहित्यिक पत्रिकाको भाषिक अध्ययन,
- दैनिक पत्रिकामा प्रयुक्त सम्पादकीयको त्रुटि विश्लेषण